# अध्याय एक
# शोधपत्रको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अङ्ग्रेजीको Divorce लेटिन भाषाको Divordium बाट लिइएको हो । यसको Dis को अर्थ Apart /vordium को अर्थ Toturn भन्ने हुन्छ । यसको अर्थ विवाहद्वारा कायम गरिएको सम्बन्धको समाप्ति नै सम्बन्ध बिच्छेद हो । सम्बन्ध बिच्छेद भन्नाले विवाहका पक्षहरू मध्ये कुनै एक पक्षबाट विभिन्न कारणले विवाहको मूल्य, मान्यता र प्रचलित विवाह सम्झौताको उल्लङ्घन भएमा न्यायालयद्वारा गरिने विवाह बन्धनको समाप्ती नै सम्बन्ध बिच्छेद हो (Hindu marriage act १९५५) ।

सम्बन्ध बिच्छेद भन्नाले अदालतको फैसलाद्वारा श्रीमान् श्रीमती बिचको वैवाहिक सम्बन्धको पूर्ण रूपमा अन्त्य हो । अतः सामाजिक र कानुनी रूपमा श्रीमान् श्रीमती बिचको सम्बन्धको अन्त्य नै सम्बन्ध बिच्छेद हो (सिंह,२०३८:३४) ।

सम्बन्ध बिच्छेदलाई सानो वाक्यमा परिभाषित गर्नुपर्दा श्रीमान् श्रीमती बिचको दाम्पत्य जीवनको स्थायी समाप्ती हो । श्रीमान् श्रीमती बिचको असमझदारीले गर्दा सँगै मिलेर बस्न नसक्ने अवस्थामा पुगेपछि सम्बन्ध बिच्छेदको अवस्था सृजना हुन्छ । सम्बन्ध बिच्छेद सधैं नराम्रो पक्ष हो भनी मान्न सकिँदैन किनकी अत्यन्त तनावपूर्ण वातावरणमा सँगै बसिराख्नु भन्दा अलग-अलग बस्नु नै श्रीमान् श्रीमती र छोराछोरीको हितकर हुन्छ (आचार्य, २०५५:१७) ।

धर्मशास्त्रहरूले सम्बन्ध बिच्छेदलाई कहिल्यै पनि अनुमति दिएको पाइदैन । शास्त्रीय मान्यताअनुसार सम्बन्ध बिच्छेद नराम्रो कुरा मानिन्छ । हिन्दु समाजमा समाज विकासक्रमको लगभग दुई हजार वर्षसम्म पनि सम्बन्ध बिच्छेदको अवधारणा आएको पाइदैंन । जस्तैः यज्ञवलक्य आफ्नो स्मृतिमा उल्लेख गर्छन्- पति जतिसुकै नीच भए पनि पत्नीले विवाह बिच्छेद गर्न नपाइने, उसको प्रायश्चितसम्म प्रतिक्षा गरिरहनु पर्ने हुन्छ र प्रायश्चित पश्चात् पुनः सम्बन्ध कायम हुन्छ । त्यसैगरी कौटिल्यको विचारमा भोगको इच्छा नगर्ने पतिलाई नसहने पत्नी वा भोगको इच्छा नगर्ने पत्नीलाई नसहने पति दुवैले छोड्न नपाइने तर परस्पर नसहने भए दुवैले छाड्न हुन्छ (चेमजोङ, २०७० : २२) ।

महिलाहरूको सम्बन्ध बिच्छेदको उत्पत्तिको सन्दर्भमा स्पष्ट समय किटान गर्न नसकिए पनि समाजमा विवाहको अवधारणा आएसँगै सम्बन्ध बिच्छेद पनि देखा पर्‍यो । विवाहलाई पवित्र एवम् आत्मीय गठबन्धन ठानेर मानिसहरूले वैवाहिक जीवनको सुरुवात गर्न थाले । यसरी जीवन बिताउने क्रममा परिवारमा एक-आपसको झैँ-झगडा, मनमुटावले तनावको स्थिति सृजना हुन पुग्यो र श्रीमान् श्रीमती अलग-अलग बस्नुपर्ने अवस्था आइपर्‍यो अनि त्यसैबेलादेखि समाजमा सम्बन्ध बिच्छेदको अवधारणा देखा पर्‍यो । कानुनको निर्माण भइनसकेको हुँदा त्यसबेलाको सम्बन्ध बिच्छेद आपसी समझदारी एवम् व्यवहारिक रूपमा मात्र सीमित थियो । कानुन निर्माण भइसकेपछि मात्र उनीहरू कानुनी रूपमा अलग भएर बस्न थाले । सम्बन्ध बिच्छेद सम्बन्धी कानुनको सुरुवात सर्वप्रथम सन् १८५७ मा बेलायतबाट भएको मानिन्छ । सम्बन्ध बिच्छेद सम्बन्धी मुद्दाहरू पनि सबै भन्दा पहिले बेलायतकै अदालतबाट हेर्ने सुरुवात भयो (के.सी.,२०६७ : १२) ।

प्रस्तुत अध्यायमा विवाह र सम्बन्धलाई समाजको एक अध्ययनको रूपमा प्रस्तुत गर्दै मानव सभ्यता र संस्कृतिको विकासको साथसाथै मानव समाज पनि अत्यन्त जटिल बन्दै गएको कुरा चर्चा गरिएको छ । मानवीय जीवन जगतलाई महत्वपूर्ण माध्यमका रूपमा लिएको पाइन्छ । साथै मानवीय जीवन यात्रामा सम्बन्ध जोड्ने सम्बन्ध तोड्ने एक घटनालाई आधार बनाएर यस अध्यायमा प्रस्तुत गरिएको छ । मानव सभ्यता र संस्कृतिको विकासको साथ-साथै मानव समाज पनि अत्यन्य जटिल बन्दै गयो । मानवीय जीवनजगत्लाई एक महत्वपूर्ण माध्यमका रूपमा लिइएको पाइन्छ । मानवीय जीवनजगत्लाई आधार बनाएर सभ्यता र संस्कृतिलाई नजिकबाट हेरिएको छ । एक धरोहरका रूपमा विकासको साथ-साथै मानव समाजलाई एक महत्वपूर्ण मार्ग दर्शनका रूपमा लिइएको छ । ठाउँ निश्चित उद्देश्य पूर्तिका लागि मानव समाजले समय अनुकूल विभिन्न किसिमका सामाजिक समस्याहरूको सृजना गर्दै तिनीहरूलाई व्यवहारिक रूपमा लिदै गइरहेको छ । विभिन्न सामाज बिचको कार्यगत एकताबाट नै सामाजिक जीवनले निरन्तरता पाउनुको साथै सामाजिक व्यवस्थाको संरचना निर्धारण हुने गर्दछ । सामाजिक संरचनालाई व्यवस्थित रूपमा निरन्तरता दिनका लागि यस्ता सामाजिक संस्थाहरूको महत्वपूर्ण भूमिका रहन्छ । सामाजिक व्यवस्थाको विभिन्न महत्वपूर्ण तत्वहरूमध्ये परिवार पनि एक हो । परिवारबाट नै गाउँ, समाज देश र राष्ट्रमा नयाँ परिवर्तन र विकास गर्न सकिन्छ । यसले मानिसमा विश्वास, भरोसा, इमान्दारीता र व्यवहारिकता र आत्मीय माया, प्रेम र परिवारको उज्वल भविष्य बनाउने

लक्ष्य राखेको पाइन्छ । यसका साथै चेतना प्रदान गरेको छ । प्रारभ्धमा धर्म र संस्कारमा जीवित रहेको विवाह सम्वन्धलाई आज आएर राज्यले कानुनी रूपमा व्यवसाय गरेको छ । नेपालमा यस्तो वैवाहिक सम्वन्ध र सम्वन्ध बिच्छेदको अवस्था कानुनी रूपमा (२०२०) सालमा बनेको मुलुकी ऐनबाट सुरु हुन पुग्यो । त्यस पछि सम्वन्ध जोड्नु र सम्वन्ध तोड्नु जस्ता राम्रा, नराम्रा घटनाहरू परिवार तथा समाजमा दिनानुदिन बढ्दै जान थालेको पाइन्छ (श्रेष्ठ,२०७४:५६) ।

श्रीमान् श्रीमतीले कानुनी रित पुऱ्याइ वा धार्मिक परम्पराअनुसार वैवाहिक सम्वन्ध कायम रहन नसकि श्रीमान् र श्रीमती वैवाहिक सम्वन्धबाट अलग हुने प्रक्रियालाई सम्वन्ध बिच्छेद भनिन्छ । अर्को शब्दमा भन्नु पर्दा सम्बन्ध बिच्छेद श्रीमान् श्रीमती बिचको दाम्पत्य जीवनको स्थायी समाप्ती हो । सम्वन्ध बिच्छेदलाई एउटा नराम्रो र तीतो घटना मानिन्छ । घर, परिवार, समाज सवैलाई यसले नराम्रो असर पुऱ्याउँदछ । सन्तानको भविष्य अन्धकार हुन पुग्दछ । शारीरिक, मानसिक, सामाजिक, आर्थिक अवस्थाको सृजना हुन पुग्दछ । सम्बन्ध बिच्छेद भन्नु नै मानिसलाई तनावको अवस्थामा पुऱ्याउने माध्यम हो । जीवनलाई उज्यालोबाट अध्यारोमा लैजाने मर्मस्पर्शी चित्कार हो, तनावमय जीवन हो । साथै विवाह वा सम्वन्ध बिच्छेद भन्नाले अदालतको फैसलाद्वारा श्रीमान् र श्रीमती बिचको वैवाहिक सम्वन्धको पूर्ण रूपमा अन्त्य हुनु हो । अतः कानुनी रूपमा श्रीमान् र श्रीमतीको बिचका सम्वन्धको अन्त्य नै सम्वन्ध बिच्छेद हो भनिएको छ ((के.सी.,२०६७ : १२) ।

नेपालमा हिन्दु धर्म शास्त्रअनुसार स्त्रीविनाको पुरुष पूर्ण मानिदैन । एउटा महिला होस् या पुरुष दुवैले पूर्णता प्राप्त गर्न महिला वा सन्तान प्राप्ति नै धर्म हो । सम्वन्ध जोड्नु नै जीवन हो र सम्बन्ध तोड्नु नै सम्वन्ध बिच्छेद हो ।

## १.२ समस्याको कथन

विवाहित दम्पति कुनै पनि हालतमा एक साथ मिलेर बस्न नसक्ने अवस्था सृजना भएको खण्डमा दिनदिनै झै-झगडा गरेर तनावपूर्ण वातावरणमा बसिरहनु भन्दा वैवाहिक सम्बन्धलाई भङ्ग गर्दै अलग-अलग जीवनयापन गर्नु नै दुबै पक्षको हित हुन आउँदछ भन्ने कुरा बिभिन्न अनुसन्धानबाट देखिन्छ । त्यसकारण सम्बन्ध बिच्छेद आफैमा नराम्रो कुरो होइन, तर यसले व्यक्ति, परिवार र समाजलाई केही न केही रूपमा सकारात्मक र

नकारात्मक प्रभाव पारेकै हुन्छ । त्यसमा पनि नकारात्मक प्रभाव त झनै बढी परेको हुन्छ । आज पश्चिमी मुलुकहरूमा सम्बन्ध बिच्छेद गरिनु अति सामान्य प्रक्रिया जस्तो हुन थालेको छ । यसले समाजमा पार्ने प्रभाव पनि नगन्य मात्रामा परेको देखिन्छ । त्यस्ता समाजमा सम्बन्ध बिच्छेद गर्नु र सम्बन्ध बिच्छेदपछि समाजमा समायोजन हुनका लागि सामाजिक बन्देज छैन । जसले गर्दा त्यस्ता जोडीहरू सम्बन्ध बिच्छेद पछि पनि समाजमा सजिलै किसिमले समायोजन हुन सक्छन् ।

नेपालको परिप्रेक्ष्यमा समाजको संरचना, सामाजिक मूल्यमान्यता, दृष्टिकोण र व्यवहारलाई हेर्दा यो एउटा निकै जटिल विषय हो । यो एउटा नितान्त सामाजिक समस्या हो । समाजमा सृजित विभिन्न अवस्थाबाटनै यो समस्या उत्पन्न हुने गर्दछ । यसको प्रभाव पनि परिवारमा मात्र सीमित नभई सिङ्गो सामाजिक व्यवस्थामा नै परेको हुन्छ । फलस्वरूप समाजको सम्पूर्ण कार्यात्मक सम्बन्धमा समेत परिर्वतनहरू देखा पर्दछन् । यसरी पाश्चात्य देशहरूमा बढिरहेको सम्बन्ध बिच्छेदको प्रभाव हाम्रो समाजमा प्रत्यक्ष रूपमा परिरहेको पाइन्छ ( के.सी.,२०६७ : १२) ।

विदेशीको देखासिकी गर्ने प्रवृत्ति तीब्र रूपमा बढिरहेको छ । यस किसिमबाट तीब्र रूपमा बढ्दै गइरहेको सम्बन्ध बिच्छेदको घटनाले हाम्रो समाजमा रहेको विवाह संस्थामाथि नै प्रश्न चिन्ह उठाउन थालेको देखिन्छ । समाज निरन्तरताका लागि आवश्यक पर्ने विवाह जस्तो संस्थामा के अब विखण्डन आउन लागेको हो त ? वा त्यस संस्थालाई निरन्तरता दिन सक्ने दाम्पत्य जोडी चयन प्रक्रिया लगायत अन्य कैयौँ प्रक्रिया र परिवेशहरू जिम्मेवार छन् ? वा अन्य के कारणहरू हुन सक्छन् ? विवाह बिच्छेदलाई मान्यता नदिने हाम्रा संस्कारहरूमा सम्बन्ध बिच्छेदका घटनाहरू समाजमा देखा पर्दा त्यसले समाजका विभिन्न पक्षहरूमा असर तथा प्रभाव अवश्य पारेको हुन्छ । परिणामस्वरूप सिङ्गो सामाजिक संरचनामा नै परिवर्तन देखा पर्दछ । त्यसकारण सम्बन्ध बिच्छेद सामान्य भइनसकेको हाम्रो जस्तो देशमा यस्ता घटनाहरू पटक-पटक भइरहँदा स्वयम् सम्बन्ध बिच्छेदकर्ताहरू साथै उनीहरूको परिवार एवम् सन्तानमा के-कस्तो असर परिरहेको छ ? उनीहरूको जनजीवन कसरी अगाडी बढिरहेको छ ? इत्यादी सामाजिक समस्याहरू पहिल्याउनु पर्ने आवश्यकता महसुस गरी यस किसिमको अध्ययन गर्न थालिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन सम्बन्ध बिच्छेदका कारण र त्यसबाट पर्ने असर अहिलेको बढ्दो आधुनिकीकरण, पश्चिमीकरण तथा त्यसबाट प्रभावित बढ्दो मात्रामा देखिएको सम्बन्ध बिच्छेद र यसले पार्ने सामाजिक असर नै यस अध्ययनको बिच्छेद उद्देश्य रहेको छ । समग्रमा यस विषय अध्ययनको बिच्छेद उद्देश्यहरू निम्न रहेका छन् :

(क) सम्बन्ध बिच्छेदको बिच्छेद कारणहरूको अध्ययन गर्नु,

(ख) सम्बन्ध बिच्छेद पश्चात् आउने असर तथा परिणामको अध्ययन गर्नु र

(ग) सम्बन्ध बिच्छेदले सामाजिक जीवनमा पार्ने प्रभावको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्त्व

सम्बन्ध बिच्छेदका विभिन्न कारणहरू आफैं पूर्ण जिम्मेवार नभइकन एउटा कारणले अर्को र अर्को कारणले फेरि अर्को गर्दै पारिवारिक तहमा असहमति सृजना भई सम्बन्ध बिच्छेद भएको पाइन्छ । यसले गर्दा विवाह संस्थामाथि नै अविश्वसनियता र सङ्का उत्पन्न हुन थालेको छ । धार्मिक पवित्रता र सुखी दाम्पत्य जीवनयापनको रूपमा सम्मानजनक जीवनयापन नहुँदा विवाहित जोडीमा मनोवैज्ञानिक विकृतिहरू देखिनु अवश्य पनि चिन्ताको विषय बन्दछ । सानै उमेरमा विवाह हुनु, दाइजो प्रचलन, बढ्दो सहरीकरण, पुँजीवादी पश्चिमी संस्कृतिले गर्दा व्यक्तिहरू आफ्ना परिवारजनबाट टाढा रहनु पर्ने देखासिकी आदि कारणहरू यस घटनाप्रति कतिको जिम्मेवार छन् त ? यो पनि अध्ययनको महत्वपूर्ण पक्ष रहेको छ । यसका साथै निश्चित कानुनी प्रक्रियाका आधारमा सम्बन्ध बिच्छेद गर्न पाउने कानुनी प्रावधानले पनि सम्बन्ध बिच्छेदका घटनाहरू दिनदिनै कसरी वृद्धि भइरहेका छन् भन्ने पक्ष पनि यस अध्ययन अनुसन्धानका लागि महत्त्वपूर्ण रहेको छ । यस्तो घटनाको प्रभाव क्षेत्र, व्यक्ति, परिवार एवम् समाज रहेको हुन्छ ।

प्रस्तुत विषय समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिले पनि कमै मात्रामा अध्ययन गरिएको हुँदा सम्बन्ध बिच्छेद वृद्धि गर्ने के-कति कारणहरू छन् ? यसको प्रभाव वा असर समाज विकासमा के कति ? र के-कस्तो परेको छ ? यस अध्ययन अनुसन्धानपश्चात् यस क्षेत्रमा गर्न सकिने सम्भावित सुधारका लागि केही सल्लाह-सुझाव दिने विश्वासले नै यसको मूल उदेश्य प्रष्ट्याइएको छ । यसका साथै सानै रूपमा भए पनि विवाह बिच्छेदको अध्ययनको महत्वमाथि पनि यसले प्रेरणादायक भूमिका खेल्ने छ भन्ने विश्वास राखेकी छु ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको अध्ययन तथा सैद्धान्तिक समीक्षा

## २.१ विषयपरिचय

नेपालमा सम्बन्ध बिच्छेदको कानुनी प्रावधान व्यवस्था वि.सं. २०२० सालको नयाँ मुलुकी ऐनले गरे पनि हालसम्म पनि यसलाई समाजमा हेयको दृष्टिकोणले हेर्ने गरिन्छ । यस्ता घटनाहरूलाई आफ्ना व्यक्तिगत र पारिवारिक रूपमै आँच आउने डरका कारण निजि मामिलाका रूपमा ढाकछोप गरिरहेका हुन्छन् । यस्ता प्रकृतिका घटनाका कारण र परिणामबारे सामाजिक अध्ययन गर्ने प्रचलन नभएका कारण सम्बन्ध बिच्छेद र असरका बारेमा समाजशास्त्रीय अनुसन्धान कृतिको कमि देखिन्छ । विगत केही वर्ष यता भने सम्बन्ध बिच्छेदका मुद्दाहरूको सङ्खया अन्य मुद्दाहरूकै हाराहारीमा रहेको देखिन्छ ।

नेपाली सामाजिक जीवनका अनुसन्धान कृतिहरूमा विभिन्न जातजातिहरूका विवाह प्रक्रिया, सामाजिक सांस्कृतिक अवस्थाहरूको विवरणात्मक कृतिहरू त प्रशस्त मात्रामा पाइन्छन् तर विवाहपछि हुने सम्बन्ध बिच्छेद र यसले समाजमा पारिरहेको प्रभावका बारेमा भने नेपाली समाजशास्त्रीहरूद्वारा ठोस रूपमा अध्ययन भएको पाइदैन । महिलाहरूमा बढ्दो चेतनाका कारण तथा पुरुषप्रधान समाजमा पुरुषको अधिपत्यका कारण दाम्पत्य सम्बन्ध सुमधुर हुन नसक्ने अवस्था आइपरेमा सम्बन्ध बिच्छेद हुने गरेका तथ्यहरू विभिन्न लेख एवम् पत्रपत्रिकाहरूमा पाइन्छन् ।

नेपाली परम्परामा धर्मशास्त्रको प्रभावले गर्दा सम्बन्ध बिच्छेदलाई स्वीकारेको पाइदैन । ब्राम्हण, क्षेत्रीहरूमा सम्बन्ध बिच्छेद हुदैनथ्यो । यिनीहरूमा धर्मशास्त्रको गहिरो प्रभाव परेको थियो, तर आजभोलि ब्राम्हण क्षेत्रीहरूमा पनि सम्बन्ध बिच्छेद गर्ने प्रक्रिया दिन प्रतिदिन बढ्दै गइरहेको देखिन्छ । यसै क्रममा रामचन्द्र बरालले २०५४ सालमा पोखरा उपमहानगरपालिकामा केन्द्रित रही ब्राह्मण क्षेत्रीहरूमा बढ्दै गएको सम्बन्ध बिच्छेदका कारण र प्रेम विवाह तथा मागी विवाह कुनमा दाम्पत्य विखण्डन बढी छ भन्ने विषयमा खोज गरेको पाइन्छ ।


यसरी ब्राम्हण, क्षेत्रीमा मात्र केन्द्रित भई गरेको अध्ययनले सामूहिक रूपमा सम्बन्ध बिच्छेदका घटनाहरू कुन रूपमा रहेका छन् ? यसका कारणहरू के-के हुन् ? कुन जात

जातिमा सम्बन्ध बिच्छेदको घटना बढी हुने गर्छ ? भन्ने जस्ता विषयमा निचोड दिन नसकेको देखिन्छ । सम्बन्ध बिच्छेदका सन्दर्भमा अन्तराष्ट्रिय जगत्मा हेर्ने हो भने जसरी सामाजिक व्यवस्थाको संरचना भिन्न-भिन्न देश एवम् समाजमा फरक-फरक हुन्छ अनि त्यहाँका सामाजिक मूल्य मान्यता, परम्परा, संस्कार फरक-फरक हुन्छन्, त्यसरी नै विवाह एवम् सम्बन्ध बिच्छेदको मान्यता, प्रक्रिया, धारणा र व्यवहार फरक-फरक रहेको पाइन्छ । त्यसो हुँदा जुन कारणले अन्य देशमा सम्बन्ध बिच्छेद भएको छ सोही कारण हाम्रो देश र समाजसँग मेल नखान सक्छ । त्यसकारण त्यस देशका अध्यन अनुसन्धान एवम् निचोड पनि हाम्रो समाजका लागि उपयुक्त र प्रभावकारी नहुन सक्छन् ।

यस किसिमबाट विभिन्न अध्ययन, अनुसन्धान एवम् कृतिहरूको विभिन्न तरिकाबाट सम्बन्ध बिच्छेदलाई केलाउने प्रयास त गरेका छन् तर सम्बन्ध बिच्छेदका वास्तविक कारण र यसले समाजलाई पारेको असरका विषयमा गहन अध्ययन हुन र ठोस निष्कर्ष दिन सकिरहेका छैनन् । त्यसकारण तिनै कमिकमजोरीलाई सुधार गर्दै विभिन्न पत्र-पत्रिकामा छापिएका लेख शोधपत्र आदिलाई समिक्षा गर्दै र शोधकर्ता नै सम्बन्धित अध्ययन क्षेत्रमा स्वयम् उपस्थित भई सम्बन्ध बिच्छेदको अवस्था सृजना गर्ने वास्तविक कारणको खोजी एवम् यसका असरको प्रकृति र अवस्था पत्ता लगाउने उद्देश्यका साथ मैले मेरो शोधको विषय 'सम्बन्ध बिच्छेदका कारण र प्रभाव' शीर्षक छनौट गरेकी हुँ ।

## २.२ अध्ययनको अवधारणागत ढाँचा

यस अध्ययनमा सम्बन्ध बिच्छेदका लागि तत्कालीन घटना, परिवेश, परिस्थिति सामाजिक एवम् अन्य संस्कृतिहरूक प्रभाव आदिले जन्माएका अवधारणाहरूले शोधपत्रलाई निश्चित दिशा प्रदान गर्नेछ भन्ने अभिप्रायले यस अध्ययनको अवधारणगत ढाँचालाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।




हाम्रो सामाजमा भएका विभिन्न परिवेश घटना, विवाह र त्यसपश्चात् भएको सम्बन्ध बिच्छेद तथा सम्बन्धलाई विभिन्न तरिकाबाट हेरिएको छ । विवाहपूर्व श्रीमान् र श्रीमती कुन सामाजिक पृष्ठभूमिबाट आएका हुन् भन्ने कुराले उनीहरूको सम्वन्ध बिच्छेदको मूल विषय प्रभावित हुने गर्दछ । उनीहरू कस्तो परिवेश र वातावरणमा हुर्के बढेका थिए भन्ने कुराले उनीहरूको मानसिकता र व्यवहारको निर्धारण गर्दछ वा गरेको हुन्छ । दुईजना बिचमा हुन सक्ने सोचाइको भिन्नताले सम्वन्ध बिच्छेदतर्फ उन्मुख गर्ने गरेको पाइन्छ । कुनै पनि ठाउँमा अधिकांश रूपमा सम्बन्ध बिच्छेद बढ्नुका कारणहरू श्रीमान् श्रीमती बिचको

अमिल्दो उमेर, जात, पेसा, शिक्षा, धर्म, आदि हुन् । यो सामाजिक, आर्थिक मनोबैज्ञानिक कारणहरू अन्तर्गत पर्दछन् । सम्बन्ध बिच्छेद पश्चात् यसको असर भने व्यक्तिगत, पारिवारिक तथा सामाजिक सबै क्षेत्रमा देखा पर्दछ । बढी मात्रामा सम्बन्ध बिच्छेदका घटनाहरू प्रेम विवाहसँग सम्बन्धित हुन्छन्, तर आजभोली सम्पूर्ण महिला पुरुषहरू स्वतन्त्र भएर जीवन निर्वाह गर्न चाहन्छन् । आफ्नो खुसीमा सबैले बाच्न पाउनु पर्दछ भने धारणा राखेको पाइन्छ । कानुनले महिला होस् या पुरुष दुवैमा बराबर अधिकार दिइएको छ । पहिला सम्बन्ध बिच्छेदका मुद्दाहरू पुरुषका तुलनामा महिलाले बढीमा मात्रामा ल्याउने गरेका थिए । महिलाले सोझै अदालतमा जान पाउने, तर पुरुषले स्थानीय निकायमार्फत् आउनु पर्ने भएकाले बढी मात्रामा सम्बन्ध बिच्छेदका घटनाहरू बढ्दो मात्रामा रहेको पाइन्छ ।

सामाजिक कारण - मानिस सामाजिक प्राणी हो । समाजमा बसेपछि समाजमा हुने गरेको विभिन्न भाषाशैली, रितिरिवाज, चालचलन, भेषभूषा आदिमा पनि समन्वय गर्नु पर्दछ ।

आर्थिक कारण - सम्बन्ध बिच्छेद हुनुमा आर्थिक कारण पनि एक हो । हामी दुवैजना आर्थिक रूपमा सम्पन्न थियौं । हामी सबै कुरामा पूर्ण थियौं ।

मनोवैज्ञानिक कारण - सम्बन्ध बिच्छेद हुनुको अर्को कारण मनोवैज्ञानिक कारण पनि एक हो । श्रीमान् श्रीमती बिचको शंका उपशंकाको कारणले पनि सम्बन्ध बिच्छेद हुन पुग्दछ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ विषयपरिचय

यस अध्ययनमा अपनाइएका अनुसन्धान पद्धति एवम् प्रक्रिया भन्नाले घटनाको वास्तविक सत्यथत्य पत्ता लगाउन, घटनाको कारण र त्यसबाट परेको असर पत्ता लगाई निष्कर्षमा पुग्नु हो । त्यस घटनासँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिको गराई र भोगाइका अनुभवहरूलाई अवलोकन गर्नुपर्ने हुन्छ । त्यसैले यी सम्पूर्ण कुराहरूलाई आत्मसात गर्दै शोधकर्ता स्वयम् सम्वन्धित ठाउँमा गई प्रत्यक्ष घटना र आवश्यक जानकारी एवम् सूचनाहरूलाई सङ्कलन गरिएको छ । यस्तो शोधकार्यमा अवलम्वन गरिएका अनुसन्धान पद्धति एवम् विधिहरूलाई निम्न रूपमा उल्लेख गरिएको छ :

## ३.२ अध्ययन क्षेत्रको औचित्य

यसरी सम्बन्ध जोड्नु र सम्बन्ध तोड्नुले समाजमा विभिन्न उथलपुथल मच्चाउने गरेको छ । त्यसैले सम्वन्ध बिच्छेदका घटनाहरूको आजभोली सहर एवम् शिक्षित परिवेशमा मात्र सीमित नरही अशिक्षित भई ग्रामीण क्षेत्रमा पनि दिनानुदिन बढ्दै गइरहेको देखिन्छ ।

नेपालको पूर्वी क्षेत्रमा पर्ने सर्लाही जिल्ला ब्राह्मण जाति एवम् विभिन्न जिल्लाबाट बसाइँसराई गरी आएका विभिन्न जातिहरूको बसोबास भएको क्षेत्र हो । यस जिल्लाको थोरै भूभाग मात्र सहरी क्षेत्रका रूपमा रहेको छ भने धेरै जसो भूभागहरू ग्रामीण क्षेत्रले ढाकेको पाइन्छ । यस जिल्लामा पनि सम्वन्ध बिच्छेदका घटनाहरू बढी मात्रामा हुने गरेको पाइन्छ । यस क्षेत्रमा सम्वन्ध बिच्छेद सम्वन्धि अध्ययन अनुसन्धान गर्ने कार्य त्यति नदेखिएको हुँदा र शोधकर्ता सोही जिल्लाको स्थानीय वासिन्दा भएकोले यस जिल्लाको सामाजिक पृष्ठभूमिका सम्बन्ध बिच्छेदका कारण र असर वा प्रभाव बारे शोध गर्न उचित ठानी त्यसलाई महत्वपूर्ण घटनाका रूपमा कार्यान्वयन गरी अध्ययन विश्लेषण गरिएको छ ।

## ३.३ अनुसन्धान ढाँचा

यस अध्ययनमा अनुसन्धान विधिलाई आत्मसात गरिएको छ। अनुसन्धान पद्धतिमा आधारित भएर सम्वन्ध बिच्छेद भएका केही महिला वर्गहरूको प्रतिविधित्व गर्दै अनुसन्धान विधिलाई अपनाइएको छ। यस अन्तर्गत सम्वन्ध बिच्छेद क्षेत्रमा गई त्यहाँका घरपरिवार बिचको सत्य र यर्थाथताको खोजी गरी आवश्यक जानकारी लिइएको छ भने त्यस अन्तर्गत सम्वन्ध बिच्छेदसँग सम्वन्धित व्यक्तिसँग उनीहरूको सम्वन्ध बिच्छेद हुनुका कारण तथा त्यसबाट उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, शारीरिक, मानसिक तथा अन्य पक्षमा पारेका प्रभावका बारेमा सूचनाहरू सङ्कलन गरिएको छ।

## ३.४ समग्रताको नमुना छनौट प्रक्रिया

यस समग्रताको नमुना छनौट प्रक्रियामा सर्लाही जिल्लाका सम्वन्ध बिच्छेदबाट पीडित महिला दिदीबहिनीहरूको वास्तविकता र सत्य घटनाको यथार्थहरूको खोजी गरी तयार पारिएको घटनाहरूलाई नमुनाभित्र समेटिएको छ। तसर्थ, सातजना महिलाहरूको सम्बन्ध बिच्छेदको घटनालाई यस शोधपत्रमा नमूनाका छनौटका रूपमा चिरफार गर्दै पूर्ण रूपमा नमूना सर्वेक्षण गरिएको छ। नमूना सर्वेक्षण गर्दा सर्लाही जिल्लाको वडाहरूमा गई प्रत्यक्ष रूपमा सम्बन्ध बिच्छेद गरी बसेका आफ्ना नातागोता भित्र पर्ने र आफैसँग अध्ययन गर्ने साथीसंगीहरूलाई समेटिएको छ। मेरो अध्ययनको विषय नै महिलाहरूको सम्बन्ध बिच्छेदका कारण र प्रभाव भएकाले यसलाई पूर्णता दिन उक्त किसिमका महिलाहरूको खोजी गर्दै जाँदा भेटघाट, कुराकानी, सोधखोज र छलफलका क्रममा उनीहरूले रुँदै पोखेका कारुणिक र मार्मिक पीडाहरूबाट थाहा पत्ता लगाई यस शोधपत्रमा समावेश गरिएको छ।

यस जिल्लामा धेरै महिलाहरू सम्बन्ध बिच्छेदका मारमा परेका भए पनि मैले जम्मा सात जना महिलाहरूलाई मात्र छनोट गरेकी छु। यी सातजना महिलाहरूमा मेरो आफ्नै दुईजना भाउजू र अन्य नजिकका मित्रहरू रहेका छन्।

यस सर्वेक्षणको सिलसिलामा सम्बन्ध बिच्छेद भएका महिला दिदीबहिनीहरूलाई विभिन्न परिस्थितिमा साथ दिँदै, हौसला प्रदान गरी, सही मार्गदर्शन दिई सहयात्रीको रूपमा आत्मीय भावनाले सहयोग, साथ दिई नयाँ जीवन सुरु गर्न प्रोत्साहन र सुझाव दिएको छु।

## ३.५ तथ्याङ्कका प्रकार र स्रोतहरू

प्रस्तुत शोधपत्रलाई पूर्णता प्रदान गर्नाका लागि सर्लाही जिल्लाको सत्यथत्य घटनाहरूलाई बिच्छेद स्रोतका रूपमा लिइएको छ । वास्तवमा भन्नु पर्दा हरेक अनुसन्धानात्मक अध्ययनका लागि तथ्याङ्कको आवश्यकता पर्दछ । यसमा व्यक्तिको सर्वप्रथम वास्तविक जिल्ला सर्लाहीबाट लिइएको छ, भने प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ता स्वयम् सम्वन्धित क्षेत्रमा उपस्थित भई सम्वन्ध बिच्छेदका भएका पक्षहरूसँग नै अन्तरवार्ता, प्रश्नावली, अवलोकन, छलफल गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलनका साधन र प्रक्रियाहरू

अध्ययन अनुसन्धानको क्रममा विभिन्न व्यक्तिमार्फत् विभिन्न किसिमका समाजका आर्थिक पक्ष, सामाजिक पक्ष, धार्मिक पक्ष, राजनैतिक पक्ष, शारीरिक पक्ष, मानसिक पक्ष आदिलाई मनन् गर्दै अन्तरवार्ता, प्रश्नावली, अवलोकन, छलफल जस्ता प्रक्रिायाहरू अपनाएर तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधपत्रलाई पूरा गर्नका लाीग विभिन्न किसिमका समाजशास्त्रीय तथ्याङ्क सङ्कलनका साधनहरू र प्रक्रियाहरू अपनाइएका छन् । जुन निम्नानुसार रहेका छन् :

### ३.६.१ अन्तरवार्ता अनुसूची

सर्लाही जिल्लाको निर्धारित उत्तरदाताहरूबाट उनीहरूको वैवाहिक जीवन र सम्वन्ध बिच्छेदका बारेमा पूर्ण जानकारी सङ्कल नगरी खल्ला प्रकृतिको प्रश्नहरूमार्फत् अन्तरवार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६.२ प्रश्नावली विधि

सम्वन्ध र सम्वन्ध बिच्छेद नितान्तः निजी जीवनका भोगाई र अनुभवमा आधारित हुने गर्दछ । यसका लागि गोप्यताका साथै यौन जीवनका बारेमा सम्वन्ध बिच्छेद अनि निःसन्तानका बारेमा आएका तनावपूर्ण अवस्थाहरू मानव जीवनमा आइपर्दछ । समाजका अधिकांश मानिसहरू रोजगार र बेरोजगारीको कारणले जीवन उज्यालो र अध्यारोमा विताउन बाध्य भएका छन् । यिनै जीवन भोगाइ र यौन पेसामा लिप्त भएका महिला र पुरुष बिचको सत्य तथ्य घटनाहरूलाई विभिन्न प्रश्नहरूको सहायताले महिला र पुरुषहरूले व्यक्त गरेका यौन

मामिलाका विचलन सम्वन्धी तथ्यहरूको सत्यता जाँच गर्न अन्तरवार्ता गरी त्यस भित्रका कुराहरूको प्रश्नावलीको  रूपमा प्रयोग गरिएको छ ।

### ३.६.३ अवलोकनविधि

सम्बन्ध बिच्छेद गर्ने पक्षका पारिवारिक एवम् सामाजिक गतिविधिहरूलाई प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा अबलोकन गरेर पारपाचुकेको कारण र असर बारेमा उपलब्ध तथयहरूलाई प्रमाणित गर्न सहयोग पुऱ्याउने तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यस क्रममा सम्बन्ध बिच्छेद गर्ने पक्षको जीवनशैली, कार्यक्षेत्रको कार्यशैली र उक्त घटनापछि पेसा एवम् कार्यक्षेत्रमा आएको फरकपना साथै घटना पूर्व र वर्तमान पारिवारिक वातावरण, आचरण, व्यवहारको बारेमा सत्यतथ्य कुरा पत्ता लगाउने प्रयास गरिएको छ । यस क्रममा समाजका अन्य व्यक्तिहरूले उनीहरूप्रति गर्ने व्यवहार, हेर्ने दृष्टिकोण पत्ता लगाउने उदेश्यले सम्बन्धित स्थानमा असहभागी भई अवलोकन गरिएको छ ।

### ३.६.४ व्यक्तिगत अध्ययन

यस शोधपत्रलाई पूर्णता दिने क्रममा विभिन्न अध्ययन अनुसन्धान गरिएको छ । यही अध्ययन अनुसन्धान गर्ने क्रममा नमुना सर्वेक्षण विधिलाई प्रमुख विधिको रूपमा अवलम्बन गरिएको छ । अध्ययनका क्रममा निश्चित आकारभित्र परेको घटनाको व्यापक विश्लेषण गर्ने प्रयास गरिएको छ । यस पद्धतिमा खास गरेर गुणात्मक पक्षको तथ्यहरूको अध्ययन गरिएको छ । यस अन्तर्गत कुनै सामाजिक इकाइहरू जस्तो व्यक्ति, परिवार, समाज आदिको विस्तृत गहन र सूक्ष्म अध्ययन गरिएको छ ।

### ३.६.५ प्रमुख सुचक

यस अध्ययनमा सम्बन्धित उत्तरदाताको विवाहपूर्वको पारिवारिक एवम् नीजि अवस्था, जोडी चयनको प्रक्रिया, दाम्पत्य जीवनको व्यावहारिक अवस्था साथै सम्बन्ध बिच्छेद हुने अवस्थाको सृजना तथा सम्बन्ध बिच्छेद पछिको जीवनको अवस्था, क्रियाकलापका बारेमा सूक्ष्म र गहन अध्ययन गर्ने प्रयास गरिएको छ । उनीहरूको नीजि जीवनप्रतिको अनुभव र भोगाईका तथ्यहरूको आधारमा नै वैवाहिक सम्बन्धको अध्ययन गरिएको छ । यी कुराहरूको वास्तविक तथ्य पत्ता लगाउन विभिन्न किसिमका प्रश्नहरूको आधार लिइएको छ ।

### ३.६.६ तथ्याङ्कको विश्लेषण प्रस्तुतिकरण

विश्वभरि घटेको सम्वन्ध बिच्छेदका घटनाहरूलाई विभिन्न स्रोतहरूबाट खोज एवम् अनुसन्धान गरी पत्ता लगाएका सत्यतथ्य जानकारीहरूका बारेमा व्यक्तिको उमेरगत जोडी कथनका प्रक्रियाहरू विवाहका प्रकारहरू सामाजिक, आर्थिक र शारीरिक राजनैतिक, धार्मिक, मानसिक पक्षहरूका बारेमा सामान्य रूपमा तालिका प्रस्तुत गरी देखाइएको छ । साथै यसलाई तालिकामा पनि देखाइएको छ ।

# अध्याय चार

# विवाह र सम्बन्ध बिच्छेदका प्रकारहरू

## ४.१ विषयपरिचय

मानव समाजमा विवाहको महत्त्वपूर्ण स्थान रहि आएको छ । विवाहविना सभ्य समाज निर्माण एवम् वंश कायम राख्ने गाह्रो पर्दछ । विवाहको प्रमुख कार्य भनेको स्वतन्त्र र अव्यवस्थित यौन सम्बन्धलाई नियन्त्रण गर्दै, स्त्री र पुरुषबिच हुने यौन क्रियाकलापलाई वैधानिक रूप दिनु हो । विवाहले मानव जीवनको प्रारम्भिक आधार सृजना गर्दछ । विवाहले परिवारलाई एउटा स्थायी स्वरूप प्रदान गर्नुका साथै मानव समाजको व्यवस्थित गठनको प्रमुख आधारको भूमिका निर्वाह गर्दछ । विवाहले परिवार-परिवार बिचको नाता सम्बन्धलाई मजवुत बनाउँदछ । नियमित र नियन्त्रित जीवन प्रणालीको आधारशिला नै विवाह हो, जसले पारिवारिक जीवनलाई सुदृढ सुव्यवस्थित बनाउँछ । सन्तान उत्पत्तिलाई वैधता प्रदान गर्नुका साथै समाज निरन्तरतामा प्रमुख भूमिका राखदछ ।

## ४.२ विवाहको प्रकार

हाम्रो समाजमा विभिन्न संस्कार र परम्पराअनुसार विभिन्न किसिमका विवाह हुने गरेका भएता पनि सामान्यतया समाज प्रचलनमा रहेका विवाहलाई दुई किसिमका विभाजन गर्न सकिन्छ :

### ४.२.१ एकल विवाह

एकल विवाह भन्नाले एउटा स्त्रीको एउटा पुरुषसँग वा एक पुरुषको एउटा स्त्रीसँग गरिने विवाह हो । यस्तो विवाहमा एउटा स्त्रीको एउटा पुरुष वा एउटा पुरुषको एउटी स्त्री मात्र रहन्छन् । यही विवाहलाई नै आजको युगमा सर्वाधिक प्रचलनमा रहेको र सर्वोकृष्ट विवाह मानिन्छ । यस्तो एकल विवाह प्राचीन कालमा पनि प्रचलनमा रहेको पाइन्छ । बहुविवाहले पारिवारिक झमेला, तनाव सृजना गर्ने हुनाले एकल विवाहलाई विवाहहरू मध्ये कै उत्कृष्ट रूप मानिन्छ । Westermark ले यो विवाहलाई विवाहको प्रारम्भिक तथा आदि रूप मानेका छन् । त्यसैगरी Malinowski ले पनि एकल विवाहलाई विवाहको सच्चा तथा उत्कृष्ट रूप मान्दछन् । हाम्रो देशको कानुनले पनि बहुविवाहमाथि प्रतिबन्ध लगाउँदै एकल

विवाहको व्यवस्था गरेको छ । बहुविवाह गर्नका लागि कानुनद्वारा नै विभिन्न सीमाङ्कन गरिएको छ वा बहुविवाहका लागि विभिन्न आधारहरू कानुनी रूपमै सृजना गरिएको छ, जसभन्दा बाहिर गएर बहुविवाह गर्न पाइँदैन (के.सी, २०७६ : ५६) ।

पारिवारिक कलह, द्वन्द्वको अन्त्य र सभ्य एवम् शान्त परिवारको निर्माणका लागि नै एकल विवाह प्रचलन ल्याइएको हुनुपर्छ । यस्तो एकल विवाह संसारका धेरै जसो राष्ट्रका कानुनले व्यवस्थित गरेको पाइन्छ ।

### ४.२.२ बहुविवाह

सामान्यतया बहुविवाह भन्नाले एकल विवाहभन्दा बाहेकको विवाह हो । एक पुरुषले एक भन्दा बढी महिलासँग र एक महिलाले एक भन्दा बढी पुरुषसँग गर्ने विवाहलाई बहुविवाह भनिन्छ । एक भन्दा बढी पुरुष वा स्त्री विवाह बन्धनमा बाधिन्छन् भने यस्तो विवाहलाई बहुविवाह भनिन्छ (के.सी, २०७६ : ५६) । बहुविवाहलाई सामान्यतः तीन भागमा बाँड्न सकिन्छ :

(क) बहुपति विवाह
(ख) बहुपत्नी विवाह
(ग) समूह विवाह

#### (क) बहुपति विवाह

बुहपति विवाह बहुविवाहको एउटा रूप हो । यस विवाह अन्तर्गत एउटी महिलाको दुई वा दुई भन्दा बढी श्रीमान्‌हरू हुने गर्दछन् । अथवा एउटा महिलाले एक भन्दा बढी पुरुषसँग विवाह गर्ने प्रथालाई बहुपति विवाह भनिन्छ । यस्तो किसिमको विवाहको प्रचलन नेपालको हिमाली भेगका शेर्पा जाति, तिब्बतीयन समुदाय आदि जातिहरूमा पाइन्छ । यसलाई उदारहणका रूपमा पाँच पाण्डव र द्रोपतीको विवाहलाई लिन सकिन्छ ।

#### (ख) बहुपत्नी विवाह

बहुपत्नी विवाह बहुविवाहको अर्को स्वरूप हो । एक पुरुषले एक भन्दा बढी स्त्रीसँग विवाह गर्दछ भने यस्तो विवाहलाई बहुविवाह भनिन्छ । यस्तो किसिमको विवाह विभिन्न कारणले

गर्दा हुने गर्दछ । सानै उमेरमा विवाह भएको छ भनेपछि अर्को विवाह हुने सम्भावना बढी हुन्छ । धर्म र संस्कृतिको कारणले पनि बहुविवाह हुने गर्दछ । जस्तो हिन्दु धर्म संस्कृति अनुसार धार्मिक काजक्रियाका लागि छोरा हुनु जरुरी हुन्छ । त्यसकारण पहिलो श्रीमतीबाट छोरा जन्मिएन भने दोस्रो विवाह गर्ने गर्दछन् । कानुनले बहुविवाहलाई प्रतिबन्ध लगाएको भए पनि समाजमा प्रचलनमा रहेको पाइन्छ (के.सी, २०७६ : ५६) । कठिन आर्थिक सङ्कटमा आर्थिक आवश्यकता पूरा गर्न पनि बहुविवाह गर्ने चलन छ । गरिवी वा अभावबाट पार पाउन धेरै श्रीमती विवाह गरेर धेरै श्रमिकहरू जम्मा गर्दै जीवनयापन गर्ने गर्दछन् ।

### (ग) समूह विवाह

समूह विवाह भन्नाले पुरुषहरूको एउटा समूहले स्त्रीहरूको एउटा समूहसँग गर्ने विवाह हो । यस्तो विवाह विपरीत लिङ्गीहरूको समूह-समूह बिचमा हुने गर्दछ । एउटा समूहका हरेक पुरुष अर्को समूहको हरेक स्त्रीहरूको श्रीमान् मानिन्छन् । अर्थात् यस्तो विवाहमा साझा श्रीमान् वा साझा श्रीमतीको अवधारणा रहन्छ । यस्तो चलन आजभोली पनि नेपालका विभिन्न भू-भागहरूमा पाइन्छ (के.सी, २०७६ : ५६) ।

## ४.३ विवाहसँग सम्बन्धित नियम र प्रचलनहरू

विभिन्न समाजमा विवाहसँग सम्बन्धित थुप्रै नियम तथा प्रचलनहरू रहेका हुन्छन् । यस्ता नियमहरूले विवाहलाई मर्यादित बनाउन विवाह गर्दा केही कुराहरू निषेधित पनि गरेको हुन्छ । समाजमा विवाह गर्दा विवाहका सीमाहरू निर्धारण गरिएका हुन्छन् जसलाई मिचेर विवाह गर्न गराउँन हुँदैन । यी कुराहरूले के देखाउँछ भने व्यक्तिलाई आफ्नो जीवनसाथी चयन गर्ने काममा समाजले पूर्ण रूपमा छुट दिएको हुँदैन । विवाहका लागि निर्धारण गरेका सीमाहरू मूखयतया दुई किसिमका हुन्छन् ।

### ४.३.१ अन्तर विवाह

अन्तर विवाहको नियम भनेको जीवन साथीको चयन आफ्नै जाति, समूह, धर्म मिल्ने समुदायबाट गर्नु पर्दछ । अर्थात् श्रीमान् श्रीमती बन्नका लागि आफ्नै जात जाति वा समूह भित्रबाटै गर्नुपर्ने हुन्छ । हिन्दु धर्मशास्त्र अनुसार आफ्नो जीवन साथी रोज्दा आफ्नै जातभित्र

गर्नुपर्ने हुन्छ । जस्तो ब्राम्हणले सोही ब्राम्हण जातबाटै विवाह गर्नुपर्ने हुन्छ । नत्र आफ्नो कुल, वंश कमजोर हुने विश्वास गरिन्छ । यद्यपी अन्तरजातीय विवाहको कारणले गर्दा यो कमजोर हुँदै गइरहेको देखिन्छ । यस्तो किसिमको विवाहको प्रचलन परिवार वा समाजमा सांस्कृतिक शुद्धता कायम राख्नेका लागि ल्याइएको मान्न सकिन्छ । आधुनिक युगमा पनि हाम्रो जस्तो समाजमा अन्तर विवाह अत्यन्त प्रचलनमा रहेको छ । यसको कारण भनेको प्रचलित धर्म, संस्कृति एवम् परम्परा नै बिच्छेद हुन् ।

### ४.३.२ बहिरविवाह

बहिरविवाहको नियममा आफ्नो समूहभित्र विवाह गर्न पाइँदैन । भनाईको अर्थ कसैले विवाह गर्दा आफ्नो समूहभन्दा बाहिरका मानिससँग नै विवाह गर्नुपर्छ । एउटै समूहभित्र विवाह गर्न बहिरविवाहको नियमले प्रतिवन्ध लगाएको छ । हिन्दु धर्म तथा सामाजिक मान्यताअनुसार यस किसिमको विवाह गर्दा आफ्नो नजिकको सात पुस्ता, एउटै समूहभन्दा बाहिर गएर गर्नुपर्दछ ।

यसदेखि बाहेक पनि समाजमा थुप्रै किसिमका विवाह प्रचलनमा रहेका पाइन्छन् । जस्तो crosscousin marriage अन्तर्गत दाजु-बहिनी एवम् दिदी-भाइको छोराछोरी बिचमा हुने विवाहलाई मान्न सकिन्छ । त्यसगरी गुरुङ समुदायमा मामा-चेला फुपू-चेली तथा फुपू-चेला मामा-चेली बिच विवाह गर्न पाउने संस्कार छ । कुनै समुदायमा श्रीमतीको मृत्यु पश्चात् श्रीमतीको बहिनी विवाह गर्ने प्रचलन रहिआएको पनि पाइन्छ । मुसलमान समुदायमा एउटै आमाको दुध चुसेको सन्तान बाहेक एउटै बाबुको छोराछोरी बिचमा पनि विवाह हुने प्रचलन रहिआएको छ । त्यसैगरी थारु जातिमा दाज्युको मृत्यु पश्चात् भाउजूलाई विवाह गर्ने प्रचलन पनि रहेको पाइन्छ (कमलराज शर्मा) । यसरी विवाह सन्दर्भमा संसारमा तथा हाम्रै समाजमा पनि समुदाय पिच्छे फरक-फरक प्रचलन रहिआएको पाइन्छ । यस्ता परम्परागत प्रचलनहरूमा चेतनाको कारण तथा देखासिकीले गर्दा आजभोली कमि आउँदै गएको देखिन्छ ।

## ४.४ सम्बन्धबिच्छेदका प्रकारहरू

(क) सामाजिक रूपमा गरिने सम्बन्ध बिच्छेद

(ख) परम्परागत सम्बन्धबिच्छेद

(ग) न्यायलय मार्फतको सम्बन्ध बिच्छेद

**(क) सामाजिक रूपमा गरिने सम्बन्ध बिच्छेद**

समाजका भद्र भलाद्मी तथा सामाजिक कार्यकर्ताहरूद्वारा दुवै पक्षहरूलाई राखेर उनीहरूको सहमतिमा गराइने सम्बन्ध बिच्छेद नै सामाजिक सम्बन्ध बिच्छेद हो । यस्तो सम्बन्ध बिच्छेदमा दुवै पक्षले आफूहरू बिच विवाह भएको कुराको प्रमाण समाजसमक्ष राखदछन् र त्यस्तो विवाह बिखण्डन पनि समाजका तिनै भद्र भलादुमीबाट अनुमति लिन्छन् । त्यसपछि उनीहरू अलग भएर बस्छन् । त्यसैबेलादेखि उनीहरू बिच कायम रहेको पारिवारिक गठबन्धन टुट्दछ । जस्तै : तामाङ जातिमा समुदायको अगुवाको अगुवाइमा दाम्पत्य जीवनको धागो चुडाल्ने वा सिन्को भाच्ने प्रक्रियाबाट सम्बन्ध बिच्छेदको घोषणा गर्ने प्रचलन थियो । स्त्री पुरुष दुवै जनाको इच्छा पत्र गराई साटासाट गर्ने चलन रहिआएको थियो (थपलिया, १९९५) ।

**(ख) परम्परागत सम्बन्ध बिच्छेद**

परम्परागतदेखि चलिआएका सामाजिक सांस्कृतिक मूल्य मान्यता संस्कारहरूमा रहेको सम्बन्ध बिच्छेदको प्रावधान अनुसार गरिने पारपाचुके नै यस अन्तर्गत पर्दछ । सामाजिक संस्कार एवम् धार्मिक मान्यताका नियम अनुसार गरिने सम्बन्ध बिच्छेद यसभित्र पर्दछ । जस्तै : मुसलमान समुदायमा पुरुषले तीन पटकसम्म तलाक तलाक तलाक भनेपछि सम्बन्ध बिच्छेद भएको मानिन्थ्यो (थपलिया, १९९५) । जुन प्रचलन अझै पनि ती समुदायका कुनै ठाउँमा चलन चल्तीमा रहेको पाइन्छ ।

**(ग) न्यायलय मार्फतको सम्बन्ध बिच्छेद**

देशमा रहेको कानुनी व्यवस्था अनुरूप अदालतमा गई गरिने समबन्ध बिच्छेद यस अन्तर्गत पर्दछ । मुलुकी ऐन २०२० आएपछि सोहि ऐनमा गरिएको कानुनी व्यवस्था अनुरूप सबै जातजाति एवम् समुदायका मानिसहरूले कानुनी रूपमा सम्बन्ध बिच्छेद गर्न पाउने भयो । यस ऐन आउनुभन्दा अगाडि विभिन्न जातजातिहरूले आ-आफ्नै सामाजिक मान्यता र संस्कार अनुसार सम्बन्ध बिच्छेद गर्ने गर्दथे । मध्ययुगीन हिन्दु समाजमा सम्बन्ध बिच्छेद निषेध गरिएको थियो, तर हिन्दु शास्त्रले जनै लगाउने जातमा मात्रै सम्बन्ध बिच्छेद निषेध

गरेको थियो भने अन्य जातमा आफ्नो रीती, परम्परा अनुरूप सम्बन्ध बिच्छेद गर्न भने निषेध गरिएको थिएन (नेपालको पारिवारिक कानुन, थपलिया, १९९५) ।

यसरी २०२० सालमा बनेको मुलुकी ऐन पश्चात् अदालती प्रक्रियाबाट सम्बन्ध बिच्छेद हुन थाल्यो । सम्बन्ध बिच्छेदका घटनाहरूमा पनि वृद्धि हुँदै गए ।

नयाँ मुलुकी ऐन २०२० लागु हुनु भन्दा पहिले हाम्रो समाजमा विभिन्न किसिमका परम्परागत नियमहरू चलन चल्तीमा थिए । १९१० सालमा श्री ५ सुरेन्द्रको पालामा बनेको मुलूकी ऐनले सम्बन्ध बिच्छेद गर्नका लागि सिन्को काटि छुट्टिनु भन्ने प्रक्रियाबाट श्रीमान् आफ्नो श्रीमतीसँग छुट्टिनका लागि अनुमति प्राप्त गर्थ्यो । यसमा सानो बाँसको लट्ठी श्रीमान्ले भाच्थ्यो (सुरेन्द्रको पालाको मुलुकी ऐन, १९१०) भारतमा सन् १९५५ मा हिन्दु विवाह ऐन आएपछि सम्बन्ध बिच्छेद एवम् विवाह सम्बन्धी क्रियाकलाप व्यवस्थित भएपछि त्यसको प्रभाव हाम्रो देशमा पनि पर्न थाल्यो । नेपालका ग्रामीण क्षेत्रका भद्र भलाद्मीहरूले बाम्हण, क्षेत्री जातिहरूमा पनि न्यायिक बिच्छेदको चलन चलाउन थाले । श्रीमान्बाट छुट्टिएर बसेकी श्रीमतीलाई श्रीमान्ले आफ्नो क्षमता अनुसारको खाने लाउने सुविधा दिनु पर्ने तर यौन सम्पर्कको अवसर दिन नहुने र श्रीमान्ले अर्को विवाह गर्न सक्ने प्रचलन थियो । समयको भेलसँगै नेपालमा २००७ सालमा राणा शासनको अन्तसँगै प्रजातान्त्रिक व्यवस्थाको उदय हुन पुग्यो । त्यसपछि नेपालले पनि आफूलाई विश्वको बदलिदो परिवेशसँग समायोजन गर्न उदार एवम् नयाँ खाले नीति अनुसरण गर्न थाल्यो । सोही अनुरूप २०२० सालमा नयाँ मुलुकी ऐन जारी गऱ्यो । यस मुलुकी ऐनको श्रीमान् श्रीमती र विहावारीको महल अन्तर्गत सम्बन्ध बिच्छेद सम्बन्धी कानुनी आधारको व्यवस्था गरिएको छ ।

### ४.४.१ कानुनी आधारमा गरिने सम्वन्ध बिच्छेद

### (क) अन्तराष्ट्रिय स्तरमा गरिने सम्वन्ध बिच्छेद

अन्तराष्ट्रिय स्तरमा हेर्दा सम्वन्ध बिच्छेदलाई विभिन्न देशहरूले आ-आफ्नो किसिमले कानुनी रूपमा व्यवस्था गरेको पाइन्छ । साथै जुन देशको कानुनी व्यवस्था अर्का देशसँगको कानुनी प्रावधानसँग नमिल्न सक्छ । अझै पनि विश्वमा कतिपय देशहरूमा सम्वन्ध बिच्छेदमाथि प्रतिवन्ध लगाइएको छ ।

### (ख) सम्वन्ध बिच्छेद सम्वन्धी नेपाली कानुनी व्यवसाय

नेपालको सर्न्दभमा सम्वन्ध बिच्छेद सम्वन्धी कानुनी व्यवस्या (सर्वप्रथम) पछि आएर २०२० सालमा वनेको नयाँ मुलुकि ऐनले सवै जातजाति तथा धार्मिक समुदायहरूका लागि समान आधारमा सम्वन्ध बिच्छेद हुने वा गर्न पाइने कानुनको व्यवस्था भयो । पछि आएर यसमा दुवै परिवर्तन भई हाल सम्वन्ध बिच्छेदको आधारहरू त्यसले परिवार, समाज एवम् राष्ट्रमा पारेको असर तथा बालबालिकाको स्थितिका बारेमा व्यवस्थित रूपमा कानुनमा व्यवस्था गरिएको पाइन्छ । साथै महिला अधिकार, कार्य विधि, लैङ्गिक समानता र अन्य पक्षहरूको व्यवस्था गरिएको पाइन्छ ।

हाल आएर नेपालमा नयाँ कानुनको कार्यान्वयन भएको जानकारी प्राप्त भएको छ । २०६९ साल भदौ १ गतेबाट नयाँ कानुनी प्रवधान तयार भएको छ । जसले नेपालमा महिला तथा पुरुष दुवैको सम्वन्ध बिच्छेद गर्न पाउने व्यवस्था राखेको पाइन्छ । महिला वा पुरुषको आफ्नो स्वतन्त्रताको हक, अधिकार सुनिश्चित गर्न पाउने व्यवस्था रहेको छ । महिलाले सम्वन्ध बिच्छेद गरेमा केही सम्पत्ति नपाउने कानुनी व्यवस्था लागु भएको छ ।

### (१) मूलुकी ऐनका अनुसार श्रीमान् र श्रीमतीको सम्वन्ध बिच्छेद गर्न पाउने अवस्थाहरू

- श्रीमतीले सम्वन्ध बिच्छेद गर्न पाउने अवस्था
- श्रीमतीलाई खान लाउन नदिएमा
- श्रीमान्ले अरु श्रीमती ल्याएमा वा राखेमा
- श्रीमतीलाई घरबाट निकालेमा
- श्रीमान् नपुसक हुन गएमा
- श्रीमान्ले परस्त्रीसँग यौन सम्वन्ध गरेको ठहरेमा
- श्रीमतीको खोज खवर नगरी हेरविचार नराखी लगातार तीन वर्ष वा सो भन्दा वढी समयदेखि श्रीमतीलाई छोडी अलग बस्ने गरेमा
- श्रीमतीलाई कुनै शारीरिक, मानसिक कष्ट हुने श्रीमतीको ज्यान जाने अङ्गभङ्ग हुने वा अरु कुनै तनावको स्थिति भएमा वा जवरजस्ती यौन सम्पर्क राख्ने खोजेमा

(२) **श्रीमान्‌ले सम्वन्ध बिच्छेद गर्न पाउने अवस्थाहरू :**

- श्रीमतीले पर पुरुषसँग यौन सम्वन्ध राखेको ठहरेमा
- श्रीमतीलाई निको नहुने यौन सम्वन्धी कुनै रोग लागेमा
- श्रीमतीले श्रीमान्‌लाई छोडि लगातार तीन वर्ष वा सो भन्दा वढी समयदेखि छोडी अलग बसेमा
- श्रीमती अर्काको श्रीमान्‌सँग लागेको ठहर भएमा ।
- श्रीमतीले निःसन्तान भएमा वा तनावका सिर्जना गरेमा
- श्रीमतीको शारीरिक मानसिक अवस्था ठिक नभएमा
- श्रीमतीको आर्थिक, सामाजिक र व्यवहारमा कुनै परिवर्तन गर्न नसकेमा यौन पेसामा लागेको थाहा पाएमा
- श्रीमान् र श्रीमतीबिच झै-झगडा र नराम्रो कुलतमा फसेर नकारात्मक कार्य गरेमा ।

(ग) **सम्वन्ध बिच्छेदको कानुनी प्रक्रिया**

सम्वन्ध बिच्छेदका लागि चालिने प्रक्रियामा हाम्रो नेपालको प्राचीन कानुनमा समय अनुसार परिवर्तन हुने गरेको पाइन्छ । पुरानो मुलुकी हुने तयाँ-नयाँ मुलकी ऐनमा फरक-फरक कानुन बनेको पाइन्छ । लैङ्गिक कारणले प्रभाव पारेको देखिन्छ । श्रीमान् र श्रीमतीको असमजदारीको कारणले नै सम्वन्ध बिच्छेद हुने गरेको पाइन्छ । ती दुवैले सम्वन्धित गाँउ विकास समिति तथा नगरपालिकाले पनि दुवै व्यक्तिलाई भरसक सम्झाइ-वुझाइ मेलमिलाप गराई दिनु पर्दछ । त्यसरी सम्झाउँदा वुझाउँदा पनि मेलमिलाप हुन नसकेको खण्डमा विवाह कायम राख्नु भन्दा बिच्छेद गराउनु नै दुवैका लागि राम्रो मानिन्छ । स्वतन्त्र भएर बाँच्न पाउनु पर्दछ । महिला होस् या पुरुष तनावपूर्ण अवस्था झेल्नु भन्दा स्वतन्त्रपूर्ण जीवन बाँच्नु पाउनु उनीहरूको अधिकार हो । साथै श्रीमतीले सम्वन्ध बिच्छेद चाहेमा सोझै अदालतमा जान सक्ने अवस्था छ भने श्रीमान्‌ले भने सोझै अदालतमा नगई स्थानीय निकाय मार्फत् लामो प्रक्रियामा जानु पर्ने कानुनी वाध्यता थियो तर हाल आएर अहिले नयाँ कानुनको व्यवस्था लागु भएको छ । श्रीमान् र श्रीमती दुवैले चाहेको खण्डमा सम्वन्ध बिच्छेद गर्न पाउने व्यवस्था छ । दुवैलाई स्वतन्त्रता दिइएको छ । सम्पत्तीको दावी गर्न नपाउने कानुनी व्यवस्था बनेको छ ।

### (घ) सम्बन्ध बिच्छेद पश्चात् नाबालक सम्बन्धी कानुनी व्यवस्था

श्रीमान् श्रीमतीबिच सम्बन्ध बिच्छेद भई सकेपछि सोह्र वर्ष नपुगेका नाबालकलाई आमाले आफैँले पाल्न चाहेमा निजले र आमाले पाल्न नचाहेमा बाबुले पाल्नु पर्दछ । यदि त्यो नभईकन दुवैको मञ्जुरी बमोजिम आमा वा बाबु जसले पनि पाल्न सक्छन् । आमा वा बाबु जसले पाले पनि नपाल्ने आमा वा बाबुले सामान्यतया बच्चालाई भेटघाट गर्न पनि पाउँछन् । बच्चा आमा वा बाबु जसले पाले पनि आयस्तर, आम्दानी जसको राम्रो छ, उसैले आफ्नो इज्जत अनुसार नाबालकलाई खान, लगाउन, शिक्षा र औषधि उपचार समेतको मासिक खर्च दिनुपर्छ भन्ने व्यवस्था गरिएको छ ।

### (ङ) सम्बन्ध बिच्छेद गरिएकी महिलाको भरणपोषण सम्बन्धी कानुनी व्यवस्था

यस अनुसार श्रीमान् श्रीमतीको सम्बन्ध बिच्छेद हुने भएमा अदालतले निजहरू बिच अशंवण्डा गर्न लगाएर मात्र सम्बन्ध बिच्छेदको निर्णय गर्नुपर्दछ । सम्बन्ध बिच्छेद हुने श्रीमान्ले नै अंश लिई नसकेको अवस्थामा अदालतले व्यवस्था अनुसार माग गरी सम्बन्ध बिच्छेद गर्ने श्रीमतीले पाउनेसम्मको अंशवण्डा श्रीमतीको जिविकाको निमित्त मासिक रूपले खर्च भराई दिनुपर्छ । अंशवण्डा भईसकेपछि सम्बन्ध बिच्छेद भएकी श्रीमतीको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ । त्यस्ती श्रीमतीले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पति अघिल्लो श्रीमान्ले पाउनेछ । यसैगरी सम्बन्ध बिच्छेद हुने श्रीमतीले अंश नलिई सो वापत श्रीमान्सँग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ती श्रीमतीलाई श्रीमान्को सम्पत्ति र आयआर्जनको आधारमा वार्षिक वा मासिक खर्च भराई दिनुपर्छ । श्रीमान्ले त्यस्तो खर्च त्यस्तो श्रीमतीले अर्को विवाह नगरेसम्म मात्र भर्नुपर्दछ ।

# अध्याय पाँच

# सम्वन्ध बिच्छेदको विश्लेषणात्मक अध्ययन

## ५.१ विषयपरिचय

सम्वन्ध बिच्छेद श्रीमान् र श्रीमती बिचको निजि विषयवस्तु भएपछि यसको असर उनीहरूको परिवार, समाज र सन्तानमा प्रत्यक्ष रूपमा परिरहेको हुन्छ । सम्वन्ध बिच्छेदलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने प्रमुख कारण आर्थिक कारण, सामाजिक कारण, शारीरिक कारण, मानसिक असन्तुलन र विवाहको प्रकार जोडि छनोटको प्रक्रिया आदि विभिन्न पक्षहरूमा शीर्षक उपर्शीकहरू मार्फत् प्रस्ट्याउने प्रयास गरिएको छ ।

### ५.१.१ आर्थिक कारण

सम्बन्ध बिच्छेद हुनुमा आर्थिक कारण पनि एक हो । जब घरमा आर्थिक अवस्था कमजोर हुँदै जान्छ तब श्रीमान् श्रीमती बिच पनि मनमुटाव सुरु हुन थाल्छ । आर्थिक अवस्था कमजोर भएपछि परिवारमा गाँस, वास र कपास साथै शिक्षा, स्वास्थ्य लगायत अन्य पक्षहरूमा प्रत्यक्ष रूपमा प्रभाव पार्दै जान्छ र घरायसी झैझगडा सुरु भई अन्त्यमा सम्बन्ध बिच्छेद समेत हुन पुग्दछ । भएको बेला बचाएर राख्न नसक्नु, जथाभवी खर्च गर्नु जस्ता कारणहरूले गर्दा श्रीमान्श्रीमती बिच सम्बन्ध बिच्छेद हुने गरेको यस अध्ययनबाट प्राप्त भएको छ ।

### ५.१.२ सामाजिक कारण

मानिस सामाजिक प्राणी हो । समाजमा बसेपछि समाजमा हुने गरेको विभिन्न भाषाशैली, रितिरिवाज, चालचलन, भेषभूषा आदिमा पनि समन्वय गर्नु पर्दछ । यदि श्रीमान्ले समाजको विरुद्ध नराम्रा कार्यहरू गर्दै गएमा वा श्रीमतीले समाजको हित विपरीत कार्य गरेमा घरपरिवारमा कलह निम्तन सक्छ । समय बित्दै जाँदा यही कारणले समाजले तिरस्कार गर्न सक्छ । समाजबाट तिरस्कृत हुन नचाहने श्रीमान् वा श्रीमतीले सम्बन्ध बिच्छेद गरी बस्न सक्दछ । त्यसकारण सम्बन्ध बिच्छेद हुनुको अर्को महत्वपूर्ण कारण सामाजिक कारण पनि एक हो ।

### ५.१.३ शारीरिक कारण

घरायसी सरसल्लाह, देखभेट, चिनाजानी आदिबाट विवाह बन्धनमा बाँधिएका श्रीमान् श्रीमतीमध्ये कुनै एकलाई दीर्घ रोग लागेमा, अपाङ्ग भएमा, नपुंसक भएमा, मानसिक अवस्था सन्तुलन नभएमा पनि सम्बन्ध बिच्छेद हुन सक्दछ । यसरी शारीरिक कारणले पनि सम्बन्ध बिच्छेद हुने गरेको छ । श्रीमतीलाई यौन चाहना कम हुँदै जानु र श्रीमान्लाई यौन चाहना तीव्र हुँदै जाँदा पनि एकआपसमा तनाव उत्पन्न हुन पुग्दछ भने श्रीमान् वा श्रीमती बाहिरी संसर्गमा लागेमा पनि सम्बन्ध बिच्छेद हुने गरेको पाइन्छ ।

### ५.१.४ मनोवैज्ञानिक कारण

सम्बन्ध बिच्छेद हुनुको अर्को कारण मनोवैज्ञानिक कारण पनि एक हो । श्रीमान् श्रीमती बिचको शंका उपशंकाको कारणले पनि सम्बन्ध बिच्छेद हुन पुग्दछ । मनमा भएको विभिन्न कुराहरू एकापसमा साटासाट नहुँदा र एकले अर्कोलाई विश्वास नगर्नाले पनि श्रीमान श्रीमती बिच कलह उत्पन्न भई अन्त्यमा सम्बन्ध बिच्छेद समेत हुन पुग्दछ । श्रीमान् श्रीमतीको गलत प्रवृत्तिको कारणले वा मानसिक चिन्ताले गर्दा पनि एक आपसमा तनाव सिर्जना भई सम्बन्ध बिच्छेद हुने गरेको पाइन्छ ।

हाम्रो देश एक बहुभाषिक, बहुजातीय, बहु-सांस्कृतिक र बहुधार्मिक मुलुक हो । जातीय आधारका कारणले गर्दा पनि सम्बन्ध बिच्छेदको स्थितिमा नकारात्मक प्रभाव पर्दै आएको देखिन्छ । साथै घरपरिवार, समाज, गाँउबाट टाडा रहनु पर्ने अवस्था छ । महिला या पुरुषलाई हेर्ने दृष्टिकोण नै फरक भएको पाइन्छ । आफ्नो धर्म परम्परालाई त्यागेर आफ्नै खुसीमा सम्वन्ध जोड्ने र तोड्ने प्रक्रिया आज पनि ताजै रहेको देखिन्छ । मानिस आफ्नो इच्छा, खुसी र स्वतन्त्रता चाहन्छ ।

यस उदेश्यमुलक नमुनाबाट सम्वन्ध बिच्छेद भएका महिलाको प्रतिनिधित्वमा सात जनाको सम्बन्ध बिच्छेदको घटनालाई यस विषयमा केन्द्रित गरिएको छ । महिला दिदीबहिनीहरूका सत्यतथ्य र यथार्थ घटनाहरूलाई यहाँ सबल रूपमा व्यक्त गरिएको छ ।

## ५.२ जोडी छनोटको प्रक्रिया

**तालिका नं. १**

**जोडी छनोटको प्रक्रिया**

| क.सं. | जेडी छनोटको प्रक्रिया | प्रभावित जोडी | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावकको सक्रियतामा | ४ | ५७.१४ |
| २ | आफ्नै सक्रियतामा | ३ | ४२.८६ |
| ३ | साथीको सक्रियतामा | | |
| जम्मा | | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

यस तालिका अनुसार सम्बन्ध बिच्छेदका घटनाहरू मध्येमा अभिभावकको सक्रियतामा भएका विवाहको सम्वन्ध बिच्छेद सवै भन्दा बढी देखिन्छ । यो अध्ययनबाट जम्मा जोडी संखया ७ जना रहेको पाइन्छ । जसमध्ये अभिभावकको सक्रियतामा प्रभावित जोडी ४ जना रहेका छन् भने आफ्नै सक्रियतामा प्रभावित जोडी ३ जना रहेका छन् । यसै गरी साथीको सक्रियतामा कुनै पनि जोडी नभएको देखिन्छ । यसैलाई प्रतिशतमा हेर्दा प्रभावित जोडी ५७.१४ प्रतिशत रहेको पाइन्छ भने आफ्नै सक्तियतामा प्रभावित जोडी ४२.८६ प्रतिशत रहेको पाइन्छ । यसै गरी साथीको सक्तियतामा प्रभावित जोडी कुनै पनि नभएको पाइन्छ । जम्मा प्रभावित जोडीको संख्या १०० प्रतिशत रहेको पाइन्छ ।

अभिभावकद्वारा धार्मिक परम्परा अनुसार विवाह गरिएको भए पनि आफ्ना अभिभावकहरू पनि नातेदार, चिनजानका मानिसहरूको विश्वासमा परी विवाह अगाडि वास्तविक कुरा वुझ्न सकिन्छ भने कसैले स्वयम् अभिभावकले सम्पूर्ण कुरा वुझी जानी विवाह गरिदिएको भए पनि पछिवाट प्रतिवादीको व्यवहारमा परिवर्तन आई परिवारभित्र असमझदारी बढ्न गई सम्वन्धमा बिच्छेद हुन पुगेको विचार यहाँ व्यक्त गर्दछन् । त्यसैगरी तालिका अनुसार निजी सक्रियतामा विवाह भएको देखिन्छ ।

यसै गरी दुवै किसिमबाट भएको विवाहमा सम्वन्ध बिच्छेदको घटना विद्यमान रहेको पाइन्छ ।

## ५.३ सम्बन्ध बिच्छेद कर्ताको जातिगत बैबाहिक स्थिति

**तालिका नं. २**

**सम्बन्ध बिच्छेद कर्ताको जातिगत बैबाहिक स्थिति**

| क.सं. | सम्बन्ध बिच्छेदकर्ताको वैवाहिक स्थिति | प्रभावित जोडी | प्रतिशत |
|---|---|---|---|
| १ | सजातीय विवाह | ६ | ८५.७१ |
| २ | अन्तरजातीय विवाह | १ | १४.२९ |
| जम्मा | | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

माथिको तालिका अनुसार सजातीय विवाह गर्ने ८५.७१ जोडीको सम्बन्ध बिच्छेद भएको देखिन्छ । यसो हुनुमा विवाह पूर्वको सहि जानकारी पाउन नसकेको साथै विवाह पश्चात् आन्तरिक विभिन्न कारणहरू रहेको कुरा प्रभावित जोडी बताउँदछन् । त्यसै गरी अन्तर जातिमा हुने विवाहमा भने धार्मिक संस्कार रितिरिवाज नमिल्ने जसले गर्दा घर व्यवहार चल्न गाह्रो हुने भएकाले सम्बन्ध बिच्छेदको घटना आइपर्ने कुरा बताउँदछन् । यस तालिका अनुसार अन्तरजातिभित्र गरिएको विवाहमा १४.२९ विवाह बिच्छेद भएको देखिएको छ । यसरी अन्तरजाति विवाहमा भन्दा सजातीय विवाहमा सम्बन्ध बिच्छेदको दर तीब्र रहेको कुरा प्राप्त तथ्याङ्कबाट पुस्टि हुन्छ ।

## ५.४ सम्बन्ध बिच्छेद कर्ताको पेसागत स्थिति

**तालिका नं. ३**

**सम्बन्ध बिच्छेद कर्ताको पेसागत स्थिति**

| **क.स.** | **बिवरण** | **जोडी** | **प्रतिशत** |
|---|---|---|---|
| १ | बाबु आमाको आश्रयमा | १ | १४.२८ |
| २ | ब्यापार व्यवसायमा | ४ | ५७.१५ |
| ३ | प्राइभेट क्षेत्रतर्फ | २ | २८.५७ |
| जम्मा | | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत तालिका अनुसार सम्बन्ध बिच्छेदहरू मध्ये बाबुआमाको आश्रयमा १ (१४.२८) जना र ब्यापार व्यवसायमा ४ (५७.१५५) जना त्यसै गरी प्राइभेट क्षेत्रतर्फ दुई जना छन् । यस तथ्याङ्क अनुसार सम्बन्ध बिच्छेद भएका जोडीहरू मध्ये सबै भन्दा धेरै जोडीका सम्लग्नता ब्यापार व्यवसायमा बढी भएको देखिन्छ ।

## ५.५ सम्बन्ध बिच्छेद कर्ताहरूको शैक्षिक विवरण

**तालिका नं. ४**

**सम्बन्ध बिच्छेद कर्ताहरूको शैक्षिक विवरण**

| क.स | विवरण | महिला | प्रतिशत |
|---|---|---|---|
| १ | दश कक्षासम्म | ५ | ७१.४२ |
| २ | स्नातकसम्म | १ | १४.२८ |
| ३ | स्नातक भन्दामाथि | १ | १४.२८ |
| जम्मा | | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

माथिको तालिका अनुसार महिलाको पक्षबाट हेर्दा १० कक्षासम्म पढ्ने ५ जना, स्नातकसम्म अध्ययन गर्ने १ जना र स्नातक भन्दामाथि १ जना रहेको देखिन्छ । यसरी माथिको तथ्याङ्कबाट हेर्दा के स्पस्ट हुन्छ भने उच्च स्थरको शिक्षा हासिल गर्ने जोडी भन्दा निम्न स्थरको शिक्षा हासिल गर्ने जोडीमा सम्बन्ध बिच्छेद बढी भएको देखिन्छ । यसरी सम्बन्ध बिच्छेदको सन्धर्भमा पनि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## ५.६ सम्बन्ध बिच्छेद कर्ताको विवाह गर्दाको उमेर

**तालिका नं. ५**

**सम्बन्ध बिच्छेद कर्ताको विवाह गर्दाको उमेर**

| क.सं. | उमेर समूह | पुरूष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-१५ | - | - | २ | २८.५७ |
| २ | १६-२० | २ | २८.५७ | १ | १४.२८ |
| ३ | २१-२५ | २ | २८.५७ | २ | २८.५७ |
| ४ | २६-३० | २ | २८.५७ | २ | २८.५७ |
| ५ | ३१ भन्दा माथि | १ | १४.२८ | - | - |
| जम्मा | | ७ | १०० | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

यस तालिका अनुसार उमेर अनुसारको विवरण हेर्दा ०-१५ वर्षसम्म २८.५७ प्रतिशत महिलाले विवाह गरेको देखिन्छ भने पुरूषहरूले विवाह गरेको देखिदैनन । पुरूषले १६-२० वर्षमा २८.५७ प्रतिशत विवाह गरेको देखिन्छ भने १४.२८ प्रतिशत विवाह गरेको देखिन्छ । २१-२५ वर्षसम्मका पुरूषले २८.५७ प्रतिशत देखिन्छ भने २८.५७ प्रतिशत विवाह गरेको देखिन्छ । २६-३० वर्षसम्मका पुरूष हरूले २८.५७ प्रतिशत विवाह गरेको देखिन्छ भने महिलाले उत्तिकै विवाह गरेको देखिन्छ । महिला र पुरष दुवैको बराबरी रूपमा देखिन्छ भने ३१ वर्ष भन्दा माथि उमेरमा विवाह गर्ने महिला कोही पनि छैनन् भने पुरष १४.२८ प्रतिशत मात्र छन् । यस अध्ययनबाट प्राप्त तथ्याङ्क हेर्दा २१-२५ वर्षको उमेरमा विवाह भएका जोडीहरूको सम्बन्ध बिच्छेद सबै भन्दा बढी २६-३० वर्षमा पनि बराबर रूपमा नै (२८.५७ प्रतिशत र २८.५७ प्रतिशत) रहेको छ । अन्तमा ३१ वर्ष भन्दामाथि विवाह गर्ने महिला कोही पनि छैनन् भने पुरूष १४.२८ प्रतिशत मात्र छन् । यस अध्ययनमा पुरूषको तुलनामा महिलाको सम्बन्ध बिच्छेद बडी भएको पाइन्छ । उमेरको परिपक्वता भन्दा पहिले नै विवाह गर्नाले सम्बन्ध बिच्छेदको सम्भावना बढी रहेको कुरा यस अध्ययनबाट प्रस्ट हुन्छ ।

### ५.७ महिलाको सम्बन्ध बिच्छेद हुँदाको उमेर

**तालिका नं. ६**

**महिलाको सम्बन्ध बिच्छेद हुँदाको उमेर**

| क्र.सं. | उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २५ वर्ष भन्दा कम उमेर | २ | २८.५७ | २ | २८.५७ |
| २ | २६-३० | २ | २८.५७ | ३ | ४२.८५ |
| ३ | ३१ भन्दा माथि | ३ | ४२.८५ | २ | २८.५७ |
| जम्मा | | ७ | १०० | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिकामा २५ वर्ष भन्दा कम उमेरका महिलाहरूको सम्बन्द बिच्छेद २८.५७ प्रतिशत भएको देखिन्छ भने पुरूषहरूको २८.५७ प्रतिशत नै देखियो । यसै गरी २६-३० उमेरका महिला र पुरुषहरूमा ४२.८५ प्रतिशत भएको देखिन्छ । यसै गरी ३१ वर्ष भन्दा माथिको उमेर समूहको सम्बन्ध बिच्छेद दर पुरूष र महिलामा बराबरी नै भएको देखिन्छ जुन २८.५७ प्रतिशत रहेको छ । यस किसिमबाट सानै उमेर वा विवाहका लागि उमेर नपुग्दै विवाह गर्नाले बयस्क अवस्थामा नै आएर सम्बन्ध बिच्छेद गर्ने दर तीब्र रहेको कुरा माथिको तथ्यांकले देखाएको छ ।

### ५.८ सम्बन्ध बिच्छेदकर्ताको स्वाथ्य पहिचानको अवस्था

**तालिका नं. ७**

**सम्बन्ध बिच्छेदकर्ताको स्वाथ्य पहिचानको अवस्था**

| क सं. | विवाहको किसिम | स्वास्थ्य पहिचान भएका | प्रतिशत | स्वास्थ्य पहिचान नभएका | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रेम विवाह | ० | - | ३ | ४२.८६ |
| २ | मागी विवाह | २ | २८.५७ | २ | २८.५७ |
| जम्मा | | २ | २८.५७ | ५ | ७१.४३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

माथिको तालिका अनुसार स्वास्थ्य पहिचान भएका जोडीहरू २८.५७ प्रतिशत देखिन्छ भने नभएका जोडीहरू ७१.४३ प्रतिशत देखिन्छन् । यसरी हेर्दा स्वास्थ पहिचान नहुँदा सम्बन्ध बिच्छेदको दरमा पनि बृद्धि हुने कुरा तथ्याङ्कबाट स्पस्ट भएको छ ।

## ५.९ व्यक्तिगत कथन

### ५.९.१ पहिलो कथन, सामाजिक तथा मानोबैज्ञानिक कारण

मेरो नाम रेस्मा शर्मा हो । म सर्लाही जिल्लाको हरिऔन भन्ने ठाउँमा बस्छु । मेरो १४ वर्षकै उमेरमा विवाह भएको थियो । म त्यो बेला कक्षा आठमा पढ्थे । मेरो साथीभाइसँग खेल्ने उमेरमा अचानक विवाह हुन पुग्यो । केटाले मलाई देखिराखेको थियो र सानैदेखि मन पराउँदाचे रहेछ । केटाले मलाई धेरै चोटी प्रेम प्रस्ताव पनि राखेको थियो तर मैले वास्ता गरेको थिइन । केटाले झन् अत्ति नै गर्न थाल्यो । केटाले आफ्नो घरमा आमाबुवालाई भनिसकेको रहेछ । उसको आमाबुवाले त विवाह गर्न मन्जुरी दिए । उताबाट मेरो घरमा विवाहको लागि प्रस्ताब लिएर आए । हल्का चिनजान र थोरै नाता पर्ने भएर पनि घरमा कुरा काट्न सकेनन् । मेरो विवाह गर्ने निर्क्योल गरिदिए । मेरो पढ्ने, लेखने र खेल्ने उमेरमै मैले विवाह गर्नु पऱ्यो । हाम्रो विवाह पनि भयो । त्यो बेला केटा १८ वर्षका थिए । विवाह पश्चात् हाम्रो सम्बन्ध एकदम राम्रो चल्दै थियो । घर परिवार सबै खुसी नै थिए । दुई वर्षपछि एउटी छोरी पनि जन्मिइन् । सबै चिज राम्रो चल्दै थियो । मेरो श्रीमान् भने बुवाआमाकै भरमा बस्नु हुन्थ्यो । आफ्नो छुट्टै आय आम्दनी थिएन । साथीभाइको नराम्रो सँगत गर्दै जानु भयो । बेलुका घरै नाआउने, आए पनि मध्ये रातमा आउने । पैसा कमाउने लोभमा लागु औषध ब्यापार गरिसक्नु भएछ । पैसा पनि कमाउन लाग्नु भएछ तर मलाई थाहा थिएन । मैले सोध्दा पनि राम्रोसँग उत्तर दिनु हुन्नथ्यो । यस्तै क्रममा एक दिन उहाँलाई पुलिसले अचानक समात्यो र थानामा लगेर थुन्यो । पहिलो चोटी बाआमा गएर छुटाएर ल्याउउनु भयो । उहाँको बानी भने सुध्रिएन । झन साथीभाइसित मिलेर त्यस्तो नराम्रो काम गर्न लाग्नु भयो । फेरि पनि पुलिसले समात्यो । उहाँलाई २ वर्षको जेल सजाय तोकियो । जेल गएर बस्नु पर्ने अवस्था भयो । कत्ति गर्दा पनि छुटाउन सकिएन । घरको स्थिति नराम्रो बन्दै गयो । बाबाआमाले पनि मलाई नराम्रो गर्न लाग्नु भयो । अलिअलि गर्दै त्यस घरमा बस्न नसक्ने स्थिति सृजना भयो । श्रीमान् पनि त्यस्तो नराम्रो कुलतमा लाग्नु भयो । उहाँले पनि वास्ता गर्न छोड्नु भएको थियो । आसह्य पीडा सहन नसकेर म

डिप्रेशनको सिकार हुन पुगें । त्यसै कारणहरूले गर्दा मैले सम्बन्ध बिच्छेद गर्ने निस्कर्षमा पुगें र गरें । ऐले म आफ्नै काम गरेर राम्रोसँग आफ्नो जिन्दगी चलाएर बसेको छु । आफ्नो अगाडि भएका सबै कुराकानी सुनाएर कोहि केटा मन्जुर भयो र सबै चिज मिल्यो भने फेरि अर्को विवाह गर्ने सोचमा पुगेको छु । मेरो सम्बन्ध बिच्छेद हुनुको कारणहरू :

**(क) आर्थिक कारण**

सम्बन्ध बिच्छेद हुनुमा आर्थिक कारण पनि एक हो । जब घरमा आर्थिक अवस्था कमजोर हुँदै जान्छ तब श्रीमान् श्रीमती बिच पनि मनमुटाव सुरु हुन थाल्छ । मरो श्रीमान्को आर्थिक अवस्था कमजोर भएपछि परिवारमा गाँस, वास र कपास साथै शिक्षा, स्वास्थ्य लगायत अन्य पक्षहरूमा प्रत्यक्ष रूपमा प्रभाव पार्दै जान थाल्यो र घरायसी झैझगडा सुरु भई श्रीमान् घर परिवारप्रति जिम्मेवार नहुँदा म परिवारबाट अपहेलित हुनु पऱ्यो । यसरी श्रीमान्को गलत प्रवृत्तिको कारणले गर्दा मैले सम्बन्ध बिच्छेद गर्न बाध्य भएँ ।

**(ख) सामाजिक कारण**

मानिस सामाजिक प्राणी हो । समाजमा बसेपछि समाजमा हुने गरेको विभिन्न भाषाशैली, रितिरिवाज, चालचलन, भेषभूषा आदिमा पनि समन्वय गर्नु पर्दछ । यदि श्रीमान्ले समाजको विरुद्ध नराम्रा कार्यहरू गर्दै जान थाल्नु भयो । जाड रक्सी आदि कुलतमा फसेर समाजमा मुख देखाउनै मुस्किल भएको हुनाले मैले श्रीमान्सँग सम्बन्ध बिच्छेद गरी एक्लो जीवन विताइरहेको छु ।

**(ग) मनोवैज्ञानिक कारण**

सम्बन्ध बिच्छेद हुनुको अर्को कारण मनोवैज्ञानिक कारण पनि एक हो । श्रीमान् श्रीमती बिचको शंका उपशंकाको कारणले पनि सम्बन्ध बिच्छेद हुन पुग्दछ । मनमा भएको विभिन्न कुराहरू एकापसमा साटासाट नहुँदा हामी बिच कलह उत्पन्न भई अन्त्यमा सम्बन्ध बिच्छेद समेत हुन पुग्यो । श्रीमान् श्रीमतीको गलत प्रवृत्तिको कारणले वा मानसिक चिन्ताले गर्दा पनि एक आपसमा तनाव सिर्जना भई सम्बन्ध बिच्छेद हुने गरेको पाइन्छ ।

### ५.९.२ दोस्रो कथन, आर्थिक तथा घरायसी कारण

मेरो नाम प्रिया खत्री हो । म सर्लाही जिल्लाको लालबन्दी भन्ने ठाउँमा बस्छु । हाम्रो मागी विवाह भएको हो । विवाह आफ्नो खुसीमा होइन, परिवारको खुसीमा भएको हो । मेरो र श्रीमान्को शिक्षा कमै थियो । त्यसैकारणले गर्दा हाम्रो आर्थिक अवस्था पनि कमजोर नै थियो । श्रीमान्को सामान्य जागिरले घर खर्च टार्न कठिन थियो । विवाह भएको एक वर्षपछि छोरीको जन्म भयो । म छोरी हुर्काउनमा ब्यस्त थिएँ । श्रीमान् जागिरको खोजिमा सहरतिर जानु भयो । माइती र घर परिवारको साथ र सहयोगमा दुःखसुख बाँचिरहेको थिएँ । श्रीमान्ले बिस्तारै वास्ता गर्न छोड्नु भयो । फोनबाट कल पनि गर्न छोड्नु भयो । केही समय पछि श्रीमान् अर्को केटीसत लागेको थाहा पाएँ । मलाई र छोरीलाई वास्ता गर्न छाड्नु भयो । त्यस्तै कारणले गर्दा हामीमा मनमुटाव सुरु हुन थाल्यो र हामी टाडा हुँदै गयौं । छोरीको भविश्यका लागि मैले धेरै दुःख गर्न थालें । श्रीमान्ले घर परिवारप्रति जिम्मेवारी पूरा गर्न नसक्दाको कारणले गर्दा हाम्रो जिन्दगी कस्टकर बन्दै गयो । यसै कारणले गर्दा हामी बिच झैझगडा हुन पुग्यो । श्रीमान्लाई जति सम्झाउँदा पनि नमानेको कारणले गर्दा म सम्बन्ध बिच्छेद गर्ने निर्णयमा पुगें । सम्बन्ध बिच्छेद पश्चात् अहिले मेरो जीवन तनावमुक्त भएको छ । म र छोरी आफ्नै काम गरेर खुसी साथ बाँचिरहेका छौं ।

#### (क) आर्थिक कारण

सम्बन्ध बिच्छेद हुनुमा आर्थिक कारण पनि एक हो । जब घरमा आर्थिक अवस्था कमजोर हुँदै जान्छ तब श्रीमान् श्रीमती बिच पनि मनमुटाव सुरु हुन थाल्छ । मरो श्रीमान्को सामान्य जागिरले घर चलाउन नसकेपछि र मेरो इच्छा, चाहना पूरा गर्न नसक्दा म श्रीमान्बाट टाढा हुँदै जाने सोचविचारमा पुगें र अन्त्यमा मैले आफ्नै खुसीले सम्बन्ध बिच्छेद गरी सुखी जीवन बिताइरहेको छु ।

#### (ख) सामाजिक कारण

म सामान्य परिवारमा हुर्केकी छोरी हुँ । विवाहमा मेरो बाआमाले धेरै दाइजो दिन सक्नु भएन । घरमा सधैं दाइजो कम ल्याएको भनी दिनहुँ झगडा हुन थाल्यो, र ममा तनावमा उत्पन्न हुन थाल्यो । श्रीमान्, परिवार, र समाजले पनि नराम्रो दृष्टिकोणले हेर्न थाल्यो । म

झन्झन् कमजोर हुँदै गएँ । घर र माइती दुबैबाट म पीडित भएँ । अन्त्यमा यी सारा तनावबाट मुक्ति पाई स्वतन्त्र जीवन बिताउने चाहनामा मैले सम्बन्ध बिच्छेद गरेँ ।

### (ग) मनोवैज्ञानिक कारण

मेरो सम्बन्ध बिच्छेद हुनुको अर्को कारण मनोवैज्ञानिक कारण पनि एक हो । मेरो मनका इच्छा, चाहनाहरू पूरा हुन नसक्दा म श्रीमान् र घर परिवारबाट टाढा हुँदै जान थालेँ । यसैगरी सन्तानको चाहना हुँदा हुँदै पनि श्रीमान्बाट सन्तान नहुँदा म गहिरो चिन्तामा डुब्दै गएँ । यसैगरी मनमा विभिन्न तनावहरू उत्पन्न भएको कारणले म कहिले काँही साथी भाइसँग बाहिरै बस्न थालेँ । दिनानुदिन म कमजोर बन्दै गएँ । यसरी श्रीमान् र म विचमा खटपट सुरु भई अन्त्यमा सम्बन्ध बिच्छेद हुन पुग्यो ।

### ५.९.३ तेस्रो कथन, सन्तान अभावका कारण

सर्लाही जिल्लाको नवलपुरमा मेरो घर छ । मेरो नाम रोजी क्षत्री हो । मेरो प्रेम ंमागी विवाह भएको हो । विवाह घर परिवारको राजिखुसीमा भएको हो । म र मेरो श्रीमान् पनि राजिखुसी भएरनै विवाह बन्धनमा बाधिएका हौं । विवाह भएपछि म र मेरो श्रीमान्को सम्बन्ध सुमधुर बन्दै गयो । म र श्रीमान् दुवै जना शिक्षा र रोजगारीको क्षेत्रमा पूर्ण थियौं । समयको गतिसँगै हामी दुवै जना एक आपसमा समझदारी भएर जीवन चलाउँदै आएका थियौं । विवाह भएको धेरै वर्षसम्म हाम्रो सन्तान भएन । हामी दुवै जना निःसन्तान भएको कारणले गर्दा घर परिवारबाट सन्तान चाहना छ भन्ने कुरा आउन थाल्यो । हामी दुवै बीच यो कुराले गर्दा तनाब उत्पन्न हुन थाल्यो, जसको कारणले गर्दा श्रीमान्ले रक्सी, चुरोट सेवन गर्ने र घरमा सधैं झैझगडा हुन थाल्यो । त्यसै कारणले गर्दा तनाबपूर्ण जीवन बिताउन बाध्य हुनु पऱ्यो । हामी दुबैमा मायाप्रेम हुँदाहुँदै पनि सन्तान नभएका कारणले गर्दा हामी बिचमा दरार उत्पन्न हुन गयो । हामी दुवै जना आपसमा टाढा हुन थाल्यौं र सम्बन्धले अर्कै मोड लिन पुग्यो । यसै कारणले गर्दा म सम्बन्ध बिच्छेद गर्ने निर्णयमा पुगें अनि हामी दुवैजनाको समझदारीमा सम्बध बिच्छेद भयो ।

(क) **आर्थिक कारण**

सम्बन्ध बिच्छेद हुनुमा आर्थिक कारण पनि एक हो । हामी दुवैजना आर्थिक रूपमा सम्पन्न थियौँ । हामी सबै कुरामा पूर्ण थियौँ । घर परिवारको आर्थिक कारणले गर्दा हामी बिचमा मनमुटाव सुरु हुन थाल्यो र हामी एकआपसमा टाढा हुँदै अलगअलग बस्न थाल्यौँ । समय र पैसा यथेष्ट भएको कारणले भोगविलासीतातिर हामी दुबैजना अन्य साथीभाइहरूसँग रमाउन थाल्यौँ । हामी बिच घरमा भेटघाट पनि कम हुन थाल्यो । पैसाको अहंमता र घरप्रतिको जिम्मेवार नभएको कारणले गर्दा अन्त्यमा सम्बन्ध बिच्छेद हुन पुग्यो ।

(ख) **सामाजिक कारण**

म शिक्षित र सभ्य परिवारमा हुर्के बढेकी छोरी हुँ । समाजप्रतिको वेवास्तका कारण हामी आफ्नै रहनसहनमा रमाउन थाल्यौँ । हामीलाई घर परिवार र समाजप्रति कुनै पनि वास्ता नभएको र हामी अलगअलग भएर स्वतन्त्र भएर जीवन बिताउन थाल्यौँ ।सधैँ स्वतन्त्रका नाममा समाज, संस्कारलाई भुलेर हामी बाहिरै बस्न थाल्यौँ । यसरी श्रीमानु श्रीमती अलगअलग भएर बस्दाबस्दै अन्त्यमा राजीखुसीले सम्बन्ध बिच्छेद गरी बस्यौँ ।

(ग) **मनोवैज्ञानिक कारण**

मेरो सम्बन्ध बिच्छेद हुनुको अर्को कारण मनोवैज्ञानिक कारण हो । ढिलो विवाह गरेको र जथाभावी परिवार नियोजनका औषधी सेवन गर्नाले सन्तान भएन । जसको कारणले पछि सन्तान चाहना हुँदा पनि सन्तान हुन नसक्नुले हामी मानसिक तनावमा पुग्यौँ । श्रीमान् श्रीमती नै अलग भई बस्न थाल्यौँ । यसैगरी मनमा विभिन्न तनावहरू उत्पन्न भएको कारणले हामी कहिले काँही साथी भाइसँग बाहिरै बस्न थालेँ । दिनानुदिन हामी कमजोर बन्दै गयौँ । यसरी हामी विचमा खटपट सुरु भई अन्त्यमा सम्बन्ध बिच्छेद हुन पुग्यो ।

# अध्याय छ

# सम्वन्ध बिच्छेद हुनुका बिच्छेद कारणहरू

## ६.१ विषयपरिचय

विश्वमा जुनसुकै ठाउँमा पनि सम्वन्ध बिच्छेदका घटनाहरूमा दिनदिनै वृद्धि हुँदै गइरहेको कुरा विभिन्न सञ्चारका माध्यमबाट सुन्न र देख्न सकिन्छ । सम्वन्ध बिच्छेद अत्यन्त दुखद एवम् दुर्भाग्यपूर्ण घटना हो । जसले समाजमा रहेको सम्वन्ध बिच्छेदको घटनाले जो कोहीलाई पनि चिन्ताको विषय बनेको छ । हाम्रो समाजमा स्थापित भइसकेको विवाह जस्तो संस्थाको अन्त हुन थालेको छ । विवाह जस्तो पवित्र एवम् सामाजिक संस्थाकामाथि नै विखण्डन आउन थालेको छ । विवाह गर्दा पनि केटा पक्ष र केटी पक्ष दुवैको सत्यतथ्य कुराको पूर्ण जानकारी हुन अति आवश्यक रहेको छ भन्ने कुरा यस अध्ययनबाट निष्कर्षमा पुग्न सकिन्छ ।

**सम्वन्ध बिच्छेद हुनुका बिच्छेद कारणहरू**

- सम्वन्ध बिच्छेद गर्ने जोडीहरूका वास्तविक कारण थाहा पाउने
- यौन असन्तुष्टि
- शारीरिक वा मानसिक यातनापूर्ण व्यवहार
- सामाजिक, आर्थिक र शिक्षाको कमि
- व्यरोजगारीको अवस्था
- सन्तान प्राप्तिको चाहना
- छोराछोरीप्रति नकारात्मक सोच
- कुलतको कारण
- तनापूर्ण अवस्थाको सृजना

## ६.२ शरीरिक तथा मानसिक यातनापूर्ण व्यवहार

यस अन्तर्गत श्रीमान् श्रीमती बिचको विभिन्न सानातिना घटना लगायत अनेक कारण जस्तैः श्रीमान्ले जाड रक्सीको मातले उन्मत्त भई नसालु पदार्थ खादा नाखादा पनि आफ्नो श्रीमतीलाई बिना कारण कुटपिट गर्ने, नराम्रा बचनहरू बोल्ने, नरम्रो व्यवहार गर्ने, घरायसी तथा मानसिक यातना दिने जस्ता कारणहरूले गर्दा वैवाहिक सम्बन्धबाट अलग हुने कुरा उल्लेख गरिएको छ । मानिसहरूमा जतिसुकै चेतना भए पनि नसालु पदार्थ सेवन गर्ने र अनावस्यक झैझगडा गर्ने जस्ता घटनाहरूले मानिसहरूमा भने कुनै सुधार भएको देखिदैन ।

## ६.३ सामाजिक साँस्कृतिक पारिवारिक र आर्थिक कारण

सम्बन्ध बिच्छेदको अर्को महत्वपूर्ण कारणका रूपमा हाम्रो समाजमा सामाजिक सांस्कृतिक, पारिवारिक, आर्थिक र अन्य कारणहरूले गर्दा सम्बन्ध बिच्छेद बढी मात्रामा हुने गरेको देखिन्छ । यसैगरी विभिन्न नकारात्मक सोच विचारका कारणले गर्दा पनि सम्बन्ध बिच्छेद हुने गरेको पाइन्छ । समाज र मानिसबिचको सम्बन्ध परापूर्व कालदेखि नै चल्दै आएको छ । घर, परिवार, समाज बढाउँदै आएको छ । यो एक सन्तान सृष्टिको नियम पनि हो । जन्म र मरण जीवन भोगाई सम्पूर्ण मानवको जीवनचक्र हो । श्रीमान् र श्रीमती एक रथका दुई पाङ्ग्रा हुन् । ती दुई बिच सम्बन्ध बिच्छेद हुँदा सबै पक्षहरूमा असर पुर्‍याउँदछ साथै सन्तानको भविश्य अन्धकारतिर धकेल्दछ । यसले सम्पूर्ण सम्बन्ध बिच्छेद गर्ने श्रीमान् श्रीमतीको प्रतिनिधित्व गर्दै आएको छ ।

हाम्रो समाजमा सम्बन्ध बिच्छेद जस्ता घटनाहरूलाई विभिन्न ठाउँ परिवेश अनुसार निकै महत्वको साथ हेरिन्छ । यो चर्चा र परिचर्चाको विषय बन्दछ । श्रीमान् श्रीमतीको जुनसुकै कारणले सम्बन्ध बिग्रिएको भएता पनि उक्त सम्बन्ध बिच्छेदकर्ता माथि उनीहरूको सन्तानमाथि त्यसैगरी परिवार, समाज र राष्ट्रमाथि नै प्रश्न चिह्न खडा हुन्छ । त्यसै कारणले गर्दा यस अध्ययनमा विभिन्न असरहरूको जानकारी गरिएको छ । श्रीमान् श्रीमतीले आफ्नो दाम्पत्य जीवनलाई सफल र सुखमय बनाउन विभिन्न नयाँ सरसल्लाह गर्दै, योजना बनाउदै जाने क्रममा आफ्नो परिवार र समाजलाई एउटा निश्चित दिशातर्फ निर्देशन गरिरहेका हुन्छन् । दम्पत्तीहरू उत्साह र सक्रियताका साथ सामाजिक र पारिवारिक

जीवनका आर्थिक पक्षका विभिन्न क्रियाकलापलाई सहज रूपमा अगाडि बढाई आफ्नो घर, परिवार, समाज र राष्ट्रलाई नयाँ तरिकाबाट अगाडि बढाउँदै जाने खालका सामर्थ्य विकास गरिरहेका हुन्छन् । श्रीमान् श्रीमतीको साथ र सहयोगमा सम्पूर्ण कार्य सफल भएको जोडी आज बैवाहिक जीवन यात्रामा सानातिना तनाब र विचलनको परिस्थिति आइपर्दछ भने सम्बन्ध बिच्छेद गर्ने दम्पतीहरूको सम्पूर्ण क्रियाकलापहरूमा अस्थिरता रुकावट सिर्जना भएको छ । जसले गर्दा पारिवारिक र सामाजिक संरचनामा ठुलो हलचल मच्चिने गरेको छ । अर्कोतर्फ वर्षौंदेखिको दाम्पत्य जोडिहरूमा रहेको अवस्था पारिवारिक वातावरण उनीहरू बिचमा भएका र गरिएका ज्याजति एवम् तनावपूर्ण व्यवहार अनि एकअर्का प्रतिको नकारात्मक विचारहरू साथै एकअर्कालाई माफी दिन नासक्ने समाजिक, सांस्कृतिक र पारिवारिक कारण र अन्य आरोपहरूसँग लड्दै-भिड्दै सहदै यही पारिवारिक जीवनलाई निरन्तरता दिनु भन्दा त यो पारिवारिक सम्बन्धबाट अलग भई आफ्नो स्वतन्त्र र सुरक्षित जीवन बाँच्न चाहना हुनेहरूको लागि यस सम्बन्ध बिच्छेद गर्ने जोडीहरूले नयाँ जिन्दगीको ढोका खोलि आफू स्वतन्त्र हुन पाउदछन् । यिनै कारणहरूले गर्दा सम्बन्ध बिच्छेद हुने गरेको देखिन्छ ।

# अध्याय सात

# सम्वन्ध बिच्छेदबाट परेको असरहरूको विश्लेषण

## ७.१ विषयपरिचय

सम्वन्ध बिच्छेद एउटा नराम्रो घटना हो । सम्पूर्ण महिला र पुरुषको तनावपूर्ण अवस्था र सामाजिक पारिवारिक व्यवस्थाका आन्तरिक क्रियात्मक सन्तुलन समेत बिगार्ने गर्दछ । यसले हाम्रो परम्पराबादी सोच बोकेको समाजमा निकै गम्भीरताका साथ हेर्ने गरेको पाइन्छ । यसलाई चर्चा परिचर्चाको पक्ष बनाएर मानवीय जीवनको यर्थातको खोजी गरिन्छ । जस्तो सुकै अवस्थामा सम्वन्ध बिच्छेद भएको भएता पनि उक्त सम्वन्ध कर्तामाथि उनीहरूका सन्तानहरू माथि त्यसैगरी परिवार समाज र राष्ट्रमाथि नै पार्न सक्ने असर र प्रभावका बारेमा यसलाई स्पस्ट रूपमा उतारिएको छ ।

हाम्रो समाजमा सामाजिक, सास्कृतिक र आर्थिक भिन्नताहरू छन् । यी लगायत अरु धेरै पक्षहरूसँग लड्दै भिड्दै सहदै यही तनाबमय पारिवारिक जीवनलाई निरन्तरता दिनुभन्दा त्यो परिवारिक गठन वन्धनलाई विघटन गरी त्यसबाट मुक्त भई स्वतन्त्र र सुरक्षित जीवन बाँच्न चाहना राख्नेहरूका लागि सम्वन्ध बिच्छेदको नयाँ जिन्दगीका ढोका खोलि दिन सक्छ । त्यसैगरी समाजले उनीहरूप्रति गरिने व्यवहार रहने दृष्टिकोणले पनि उनीहरूको जीवनलाई विकसित गर्ने सक्छ । सम्वन्ध बिच्छेदले राम्रो वा नराम्रो परिवर्तन ल्याउनु पनि सम्बन्ध बिच्छेदको दुर्भाग्यपूर्ण घटना हो । यस्ता घटनाहरूले सम्वन्ध बिच्छेदकर्ता जोडिलाई मात्र नभएर उनीहरूको सन्तान परिवार र सम्पूर्ण समाजलाई असर पारिराखेको हुन्छ । वास्तवमा भन्नुपर्दा यस अध्ययनमा देखिएका सम्वन्ध बिच्छेदका घटनाले सम्पूर्ण सम्वन्ध बिच्छेद भएका महिला वर्ग प्रतिनिधिको अध्ययन र अनुसन्धान गरी पत्ता लगएका असरहरूलाई निम्न बमोजिमबाट प्रस्तुत गरिएको छ ।

## ७.२ सम्बन्धबिच्छेदले स्वयम् जोडीहरूमाथि पारेको असर

वैवाहिक जीवनको पीडाबाट मुक्ति र राहत पाउने आशा गरेका जोडीहरूमाथि सम्बन्ध बिच्छेदले कस्तो किसिमको प्रभाव वा असर पारको छ ? के उनीहरूले पीडाबाट मुक्ति पाई सुखमय जीवन विताइरहेका छन् ? वा मानसिक रूपमा तनाव भोगिरहेका छन् ? भन्ने जस्ता कुराहरूलाई तलको तालिकाले देखाएको छ ।

### ७.२.१ सम्बन्ध बिच्छेद पछि उनीहरूको अनुभव

**तालिका नं. ८**

**सम्बन्ध बिच्छेद पछि उनीहरूको अनुभव**

| क.सं. | असर | महिला संखया | प्रतिशत |
|---|---|---|---|
| १ | मानसिक तनाब भएका | २ | २८.५७ |
| २ | स्वतन्त्र भएका | ५ | ७१.४३ |
| जम्मा | | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

प्रस्तुत माथिको तालिका अनुसार सात जना महिला मध्ये दुई जना महिलाले मानसिक तनाब भएको बताए भने मानसिक तानाब नभएको र स्वतन्त्र जीवन जिएको पाँच जना महिलाले बताए । तनाब भएका भन्दा स्वतन्त्र भएका महिला धेरै यस तथ्याङ्कबाट देखिएको
छ ।

### ७.२.२ सम्बन्ध बिच्छेद गर्ने महिलाको हालको अवस्था

**तालिका नं. ९**

**सम्बन्ध बिच्छेद गर्ने महिलाको हालको अवस्था**

| क.स | महिलाको हालको अवस्था | महिला संखया | प्रतिशत |
|---|---|---|---|
| १ | पहिलेको भन्दा अहिले ठिक भएका | ४ | ५७.१५ |
| २ | जीवन जिउन गारो भएका | ३ | ४२.८५ |
| जम्मा | | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत माथिको तालिका अनुसार पहिलेको स्थिति भन्दा अहिले ठिक भएका महिलाहरू जम्मा चार जना देखिए भने जीवन जिउन गारो भएका ३ जना देखिए । तिनजना महिला आर्थिक, सामाजिक तथा मानसिक सबैबाट पिडित भएको पाइयो । घर व्यवहार चलाउन पनि गाह्रो परेको देखियो । चार जना महिला भने आफू स्वतन्त्र भई राम्रोसँग आनन्दको

जीवन जीई केही व्यवसाय गरी राम्रो कमाइ गरेर बसेको यस तथ्याङ्कबाट जानारी प्राप्त भयो ।

## ७.३ सम्वन्ध बिच्छेदले परिवार र सन्तानहरू माथि पारेको असर

सम्बन्ध बिच्छेदले परिवार र सन्तानहरूमाथि बाँचुन्जेल जीवन यात्राको क्रममा हरेक क्षेत्रको अवस्थमा असर पुऱ्याइरहेको हुन्छ । यो एउटा नराम्रो घटना हो । यसले श्रीमान्को पक्ष र श्रीमतीको पक्ष र साथै छोराछोरीको भविष्यमाथि ठुलो असर तनावपूर्ण र जीवन विताउन विवश परिवारहरू पर्दछन् । घर परिवारमा विभिन्न करणहरूले सम्वन्ध बिच्छेदको अवस्था आइपर्दा पतिपत्नी बिच सधै जसो झै-झगडा र तनावको कारणले गर्दा उक्त परिवारका वालवालिका युवा र वृद्धवृद्धाहरूमाथि मनोवैज्ञानिक असरका साथ-साथै सामाजमा सामाजिक क्रियाकलापमा र अन्य क्रियाकलापमा समेत नराम्रो असर पुऱ्याइरहेको देखिन्छ । वृद्धवृद्धाहरू पनि आफ्नो सन्तानप्रतिको निराशापूर्ण अवस्था देखदा दिनानुदिन चिताग्रस्त र खिन्नताको अनुभूति गरिरहेको पाइन्छ । यी वर्गहरू आफ्नो सामाजिक, आर्थिक र राजनैतिक सम्मान प्रतिष्ठामा आँच आएको र स्वच्छ र उल्लसमय जीवनबाट वञ्चित हुनुका साथै उनीहरूका हरेक क्रियाकलापमा निष्कासनको कारणले आफ्नो उन्नति र प्रगतिको क्षेत्रमा अवरोध देखिन्छन् । निर्दोष वालवालिकाहरूले आफ्ना आमावावुको न्यानो माया र उचित संरक्षण पाइरहेका छैनन् । नराम्रो वातावरणका हुर्किरहेका सन्तानहरू जिम्मेवारी नभएका आमाप्रति धिकार्दछन् । यिनै कारणहरूले गर्न उनीहरूको जीवन शैलीमा विचलन आएको पाइन्छ । मातापिताको सम्वन्ध बिच्छेदले सन्तानको जीवनमा खेलवाडपूर्ण भोगाहको वातावरण सृजना भएको छ, । जसको असरले उनीहरूको समग्र जीवनकै तहसनहस भएको पाइन्छ । शारीरिक, मानसिक, आर्थिक, धार्मिक, राजनैतिक, सामाजिक सम्पूर्ण क्षेत्रमा तनावै तनावको अवस्था सृजना भएको देखिन्छ ।

## ७.४ सम्बन्ध बिच्छेदले समाजमाथि पारेको असर

सम्बन्ध बिच्छेदको घटना अलि असामान्य प्रकृतिको घटना मानिन्छ । यस्तो घटनाको प्रभाव वा असर हरेक क्षेत्रमा परेको हुन्छ । त्यसले व्यक्ति, परिवार, समाज र सिङ्गो राष्ट्रलाई नै प्रभावित गर्दछ । त्यसकारण पनि सम्बन्ध बिच्छेद व्यक्तिगत र पारिवारिक समस्या मात्र नभएर यो एउटा सामाजिक समस्याको रूपमा देखापरिसकेको छ । यसको लागि हाम्रो

समाज, सामाजिक व्यवस्था र यसको संरचनागत तत्त्वहरू पनि उत्तिकै जिम्मेवार हुन्छन् । समाजमा घट्ने हरेक घटना वा क्रियाकलापले समाजलाई ढिलो चाँडो अनि कम बढी प्रभाव पारेकै हुन्छ । एउटा परिवारमा कायम भइरहेको वैवाहिक सम्बन्ध तोडिनुले प्रत्यक्ष रूपमा सामाजिक विघटनसँग सम्बन्ध राखदछ । पारिवारिक सम्बन्ध टुट्नु भनेको सामाजिक सङ्गठनमा कमि आउनु हो । समाज कमजोर हुनु हो । साथै यसले समाजमा विशृङ्खलता पनि निम्त्याउँछ जसले समाजका हरेक अङ्गहरू कुनै न कुनै रूपमा प्रभावित भइरहेका हुन्छन् । यस किसिमको सामाजिक अस्थिरताले सिङ्गो राष्ट्रलाई नै दुर्गतीतिर धकेलिरहेको हुन्छ । त्यस्तो परिवार र समाज बिचको सम्बन्धमा चिसोपन आउँदछ । त्यसकारण सम्बन्ध बिच्छेद एउटा पारिवारिक दुर्घटना हुँदाहुँदै पनि यो सामाजिक दुर्घटना पनि हो । यस्तो दुर्घटना आइपर्नुमा समाज पनि जिम्मेवार रहन्छ । अध्ययनको क्रममा प्राप्त सामाजिक प्रभावलाई यहाँ संक्षेपमा उल्लेख गरिएको छ ।

### ७.४.१ नकारात्मक प्रभाव

- हाम्रा समाजमा श्रीमान् र श्रीमती विच अविश्वास, सङ्का, उपसंका बढ्न गई मेलमिलाप नभई असमझदारी, शिथिलता र अस्थिरता हुने गरेका
- वहुविवाह गर्ने परिपाटि वढ्न थालेको,
- सम्बन्ध बिच्छेदकर्ताको सन्तानहरू सरह हुन गई तिनीहरूको भविष्य अर्थात् अपूर्ण भएको देखिनु,
- सम्वन्ध बिच्छेद कर्ताहरूको सन्तानको शिक्षा, स्वास्थ्य, उपचार, विवाह आदिमा कठिनाई उत्पन्न हुन पुगेको,
- परिवारमा अर्को विवाह गर्दा थप समस्याहरू पैदा भई कलहको स्थिति आउन थालेको,
- देखासेखी गर्ने प्रवृतिले गर्दा नयाँ पुस्ताहरूमा सम्वन्ध गर्ने प्रकृति बढ्न थालेको,
- सम्वन्ध बिच्छेद गर्दा श्रीमान् र श्रीमती सन्तानको भविष्यमाथि र इज्जतमाथि वाँचुन्जेलको तिरस्कार सहनु पर्ने वाध्यता भएको,

- समाज, देश, राष्ट्रमा जहाँ गए पनि उनीहरूको जीवनमाथि विकृति र विसङगतिको छाप परिरहनु ।

### ७.४.२ सकारात्मक प्रभाव

- श्रीमती र श्रीमान् एक रथका दुई पाङ्ग्रा हुन् । उनीहरूले घर, परिवार, समाज, देश र राष्ट्रमा आफ्नो नामदाम र काम कमाउनका लागि आफ्नो धर्म संस्कृति र परम्परालाई वुझेर आफ्नो परिवार तथा सन्तानको भविष्य उज्ज्वल पार्न राम्रो वाटो लाग्नु पर्दछ भन्ने सोच हुँदाहुदै पनि यसले जीवनलाई वुझ्न नसेको पाइनु,

- श्रीमती भएकै कारणले श्रीमान् तथा परिवारबाट आइपर्ने अनावश्यक किसिमको दवाव पीडा सहेर पनि वस्नुपर्छ भन्ने हाम्रो धार्मिक र पुरातनवादी सोचमा परिवर्तन ल्याउने काम सम्वन्ध बिच्छेदले गरेको देखिनु,

- अव आउने आगमी दिनहरूमा श्रीमान् र श्रीमतीको हक, अधिकार वरावर हुन्छ भनेर कसैको अनावश्यक नियन्त्र र वन्धनमा वसी राख्नु पर्दैन भन्ने किसिमको चेतनाको विकास भएको पाइनु,

- व्यक्तिगत स्वतन्त्रता र तनावपूर्ण वैवाहिक जीवन भन्दा सम्वन्ध बिच्छेदबाट प्राप्त भएको नवीन जिन्दगी सुरुवात गर्न पाइनु,

- श्रीमान् र श्रीमती एक रथका दुई पाङ्ग्रा हुन् भन्ने ज्ञान सम्वन्ध बिच्छेदबाट प्राप्त गर्न सकिनु ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र सुझावहरू

## ८.१ सारांश

यसरी यो अध्ययनलाई बिश्लेषण गर्दा के निष्कर्ष निकाल्न सकिन्छ भने मानव सभ्यता र विकासको क्रमका साथसाथै आजको युगमा मानव समाज पनि झन-झन जटिल बन्दै गइरहेको छ । यसैगरी समयको परिवर्तन र मानिसको कार्य दक्षता, क्षमता शैली र भूमिकामा पनि धेरै राम्रा नराम्रा परिवर्तनहरू देखिरहेका छन् । सामाजिक जीवन र जीवन शैलीमा आधारित हाम्रो मानव समाज दिनानुदिन खतरामुक्त वन्दै गएको पाइन्छ । मानव जीवनको महत्वपूर्ण पक्ष विवाह पनि हो । मानव सभ्यता र संस्कृतिको विकासको साथसाथै यस विवाह संस्थाको अस्तित्व र भूमिकामा पनि आज धेरै नै परिवर्तनहरू देखापरेका छन् ।

सामाजिक सङ्गठनहरूको विस्तार परिवर्तन तथा राज्य व्यवस्थाको नीति नियम कानुन अनुसारका ढाँचाहरूमा विवाह सम्वन्ध बिच्छेद गर्न पाउने, कानुनी विवाह गर्न पाउने, कानुनी रूपमा सम्वन्ध बिच्छेद गरी दुवैले स्वतन्त्र भएर वस्न पाउने व्यवस्था लागु भएको छ । हिजोको दिनमा अस्तित्वविहीन अवस्थामा रहेका महिलाहरू आज आफ्नो हक अधिकारका लागि लड्दै छन् । युगौदेखिको पुरुषको वाहुल्यता रहेको समाजमा महिला अधिकार समानताको नारा एककासि देखा पर्दा प्रचलित समाजिक व्यवस्था र मूल्य मान्यतामा हलचल मच्चिन थाल्यो । हाम्रो नेपाली समाजमा परापूर्वकालदेखि चल्दै आएको विवाह संस्कार, मूल्य मान्यता भावना विपरीत हक अधिकारको नाममा श्रीमान् र श्रीमती विच असमझदारी मनोमालिय र द्वन्द्वको अवस्था सृजना हुन गई अन्तः सामाजिक संरचनाका निरन्तरतामा अवरोधका सङ्केतहरू देखिन थालेको पाइन्छ । यस्ता घटनाहरू समाजमा वढ्दै गएको पाइन्छ । यस्तो वाधा व्यवथानलाई राज्य व्यवस्थाले निस्तेज पार्ने विभिन्न प्रयासहरू गरेता पनि त्यो लागु भएको छैन । सम्वन्ध जोड्नुले जीवन नयाँ वाटो, नयाँ परिवर्तन र खुसीको सङ्केत दिन्छ भने सम्वन्ध तोड्नुले मानवीय जीवनलाई अन्धकारमय बनाउँदै लैजाने सङ्केत पनि हो । सम्वन्ध विग्रन धेरै समय लाग्दैन तर सम्वन्ध सुमधुर वनाउन धेरै समय लाग्दछ । सम्वन्ध मायाको प्रतीक पनि हो ।

वास्तवमा भन्नु पर्दा सम्पूर्ण मानव वर्गहरूको मेलमिलाप समभ्कदारी हुनुपर्दछ । साथै श्रीमान् र श्रीमाती दुवैले एकै साथ नयाँ-नयाँ काम कर्तव्य र अधिकारलाई वुझेर हाम्रो धर्म संस्कृति परम्परा र सामाजिक मूल्य मान्यता र अन्य जीवन शैलीलाई सरल सहज र व्यवहारिक वनाउँदै जानु पर्दछ । आफ्नो परिवार र सन्तानको भविष्यका लागि श्रीमान् र श्रीमती एक आपसमा समभ्कदारीपूर्वक जीवन निर्वाह गर्नु पर्दछ । मानवीय जीवनको सहि उपभोग गर्न सक्नु पर्दछ । श्रीमान् र श्रीमतीको हातमा सन्तानको भविष्य अडिएको हुन्छ । त्यसलाई र आफ्नो इज्जत वुझेर काम गर्नु पर्दछ । अनि मात्र जीवन असल र सुखमय जीवन वन्दै जान्छ । अरुको देखासेखिको कारणले पनि समाजमा वढी मात्रामा सम्वन्ध बिच्छेदका यस्ता घट्नाहरू वढिरहेको हामी पाउदछौ । जीवनलाई नजिकबाट वुझ्न र वुझाउन सक्नु पदर्छ । यस्ता नराम्रो घटनाहरूले गर्दा समाजमा दिनप्रतिदिन विवाह संस्थाका अस्थित्वमाथि प्रश्न चिन्न खडा हुनु र  उठ्नु स्वभाविक नै भइसक्यो छ ।

यस शोधपत्रमा सम्वन्ध बिच्छेदसँग संस्कृतिक कुरालाई निस्कर्षमा निम्न वमोजिम उल्लेख गरिएको छ । यस शोधपत्रमा सम्वन्ध बिच्छेदको वास्तविक स्थिति पहिचान गर्ने, सम्वन्ध बिच्छेद निम्त्याउने बिच्छेद कार्यहरूको खोजी गर्ने र सम्वन्ध बिच्छेदको सामाजिक जीवनमा पार्ने असरहरूको खोजी गर्ने उद्देश्यहरू राखिएको छ । यसै गरी यस शोधपत्रको समस्याभित्र विवाह बिच्छेदका कारुणीक, मार्मिक र चुनौतिपूर्ण घटनाहरूलाई खोजिएको छ । विवाह, बिच्छेद जस्ता घटनाको यर्थाथलाई विभिन्न स्रोतहरूबाट सूचनाहरू सङ्कलन गरी यहाँ प्रस्तुत गरिएको छ ।

'सम्बन्ध बिच्छेदका कारण र प्रभाव' भन्ने शीर्षकमा विवाहको परिभाषा, प्रकार कार्यहरूको समीक्षा गरिएको छ । हाम्रो नेपालमा श्रीमान् र श्रीमतीलाई भिन्ना-भिन्नै नजरले हेर्ने चलन छ । विवाह नहुदा पनि तनाव हुन्छ, विवाह हुदाँ पनि तनाव हुन्छ । मान्छेलाई केही गर्दा पनि सुख नभएको देखिन्छ । संसार परिवर्तन गर्न सक्ने, ज्ञान, सीप, क्षमता, कला, विद्वान् मानव आज आफ्नै कारणले तनावमय जीवन विताउनु परेको तीतो घटना हामी भोगिरहेका छन् । जीवनमा आत्मविश्वास इमानदारी र त्यवहारिक भएर जीवनलाई सरल, सहज र वलियो वनाउने आधार नै मानव सम्बन्ध वा विवाह हो । मानवको रहस्य व्यवहारिकताभित्र लुकेको हुन्छ । एकले अर्कालाई वुझ्न सक्नु पर्दछ अनिमात्र जीवनमा सम्वन्वय वलियो र

प्रगाढ वनाउन सकिन्छ । विवाह गर्नु ठुलो वरदान हो भने विवाह बिच्छेद गर्नु पनि जीवनभर कै अभिशाप बन्दछ ।

यहाँ सम्वन्ध बिच्छेदको बिच्छेद कारणहरूमा सम्वन्ध बिच्छेदकर्ताको निजी करण, शारीरिक वा मानसिक यातनापूर्ण व्यवहार यौनिक असन्तुलन, सामाजिक सांस्कृतिक भिन्नता एवम् असमानता र अन्य कुराहरू अध्ययनका क्रममा देखा परेका छन् । यसैगरी सम्वन्ध बिच्छेदले विभिन्न जोडि, सन्तान, परिवार र समाजमाथि असर पारेको कुरा अनुसन्धानको खोज्ने क्रममा देखा परेको छ ।

यस शोधपत्रमा अध्ययनको क्रममा त्यस्ता धेरै कारणहरू रहेका देखिन्छन् जसले विवाहलाई विखण्डको अवस्थामा धकेलिदिएको छ । खास गरेर सम्वन्ध बिच्छेदसँग सम्वन्धित कारणहरूलाई दुई भागमा विभाजन गरिएको छ ।

### ८.१.१ विवाह अगाडिको अवस्था

विवाह अगाडिको अवस्था भन्नाले विवाह पूर्वको अवस्थालाई जनाउँदछ । जसले जोडि छनौट प्रक्रियामा अवलम्वन गरिएका विभिन्न प्रक्रियाहरू जस्तैः परिपक्वता, सहमती, स्वास्थ्य पहिचान, जीवनशैली र अन्य पक्षहरू जस्ता विपतहरूलाई विवाहपूर्व निकै महत्व दिई आत्मसात गर्न नसक्दा विवाह टुट्न सक्ने सम्भावना बढी मात्रामा पाइन्छ । सामान्यता २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने जोडिहरूको जीवनलाई सुचारु रूपले अगाडि वढाउनमा जोडिहरूको बिचमा परिपक्कताको विकास भई सकेको हुँदैन । उनीहरू असक्षमनै देखिन्छन जसले गर्दा विभिन्न समाचार विखन्डनको स्थिति देखापर्न भएको पाइन्छ । अपरिपक्क उमेरमा विवाह गर्न शौक्षिक क्षेत्रमा पनि त्यतिकै नकारात्मक प्रभाव परेको देखिन्छ । त्यसका लागि विवाह हुनु अगाडि एकअर्कामा राम्रो जानकारी हुनुपर्दछ । आफ्नो व्यक्तिगत, शारीरिक, मानसिक सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरूलाई राम्रोसँग जानकारी हुनु आवश्यक हुन्छ । यिनै कुराहरूका वारेमा दुवै पक्षले वुझ्नु आवश्यक हुन्छ । यी सम्पूर्ण व्यवहारिक विषयको पूर्ण रूपमा जानकारी प्राप्त नहुँदा गरेको विवाहहरू सम्पूर्ण र कमजोर सावित पनि भएका छन् ।

उक्त अध्ययनको क्रममा दुवै पक्षको यौन असन्तुष्टि र अन्य घरायसी समस्याको कारणले गर्दा उनीहरू बिचमा मनमुटाव हुने गर्दछ ।

विभिन्न उमेरको कारण मानिसहरू सानो उमेरमा यौन परिपवक्क उमेरमा नै एक आपसमा खला अन्तरक्रिया र स्वास्थ्य पहिचानको अभावमा विवाह गर्नेहरूको संखया पनि धेरै नै देखिन्छ । कतिपय घटनाहरू एकअर्काप्रतिको मन्जुरीविना नै परिवारिक दवावमा विवाहवन्धनमा बाँधिन पुगेका छन् भने कतिपय आफ्नै खुसीमा सानै उमेरमा केटाकेटी राजीखुसी भने कतिपय पारिवारीक सरसल्लाह भएर विवाह वन्धनमा बाांधिने जोडिहरू पनि छन् । यस्ता जोडिहरू पूर्ण मन्जुरी वा सहमती विनाको दामपत्य जीवनमा सधै विखण्डको खतरा रहिरहन्छ । जहिले पनि परिवारमा अप्ठ्यारा अवस्था आउन सक्ने सम्भावना बढी पाइन्छ ।

### ८.१.२ विवाह पश्चात्को स्थिति

सम्बन्ध बिच्छेद हुने दोस्रो कारक तत्त्वको रूपमा विवाह पश्चात्को स्थितिलाई मानिएको छ । समान पृष्ठभूमि भएका र पारिवारिक सहमतीमा विवाह भएको भएता पनि सामाजिक संस्कार, चालचलन, रितिरिवाज, धार्मिक मूल्य मान्यता आदि कुराहरूमा कहिँ न कहिँ मनभेद र फरक दृष्टिकोण देखा पर्न थाल्दछ । एकपछि अर्को गर्दै विभिन्न क्रियाकलापहरूमा मतभेद र टकराव बढ्दै जान थालेपछि विवाह अगाडिको स्थितिमा भए गरेका सामान्य कमजोरी वा त्रृटिहरू पनि हाल द्वन्द्व र मनोमालिन्यको विषयको रूपमा देखा परेका छन् ।

वैवाहिक सम्बन्धलाई अद्योगतिमा लैजाने वा यसको प्रगतिको बाधक तत्त्वको रूपमा परिवारका सदस्यहरू बिचको आपसि सम्बन्ध, पारिवारिक मनोवृत्ति, सामाजिक वर्गीय दृष्टिकोण रहेका छन् । बुहारीलाई घरमा छोरीसरहको व्यवहार नगरिनु, बुहारीलाई ‘कमैया’ सरहको व्यवहार गरिनु तथा भिन्न पारिवारीक पृष्ठभूमिबाट आएका बुहारीहरूप्रति परिवारका सदस्यहरूको फरक-फरक व्यवहार र दृष्टिकोण राखिनु जस्ता कुराहरूले वैवाहिक गठबन्धनलाई कमजोर तुल्याउँछ । कम दाइजो ल्याउने बुहारीलाई हेप्ने वा हेला गर्ने प्रवित्ति देखिएको छ ।  यसैगरी विवाह पश्चात्को स्थितिमा यौनिक असन्तुलनलाई पनि लिइएको छ । हाम्रो समाजमा रुढिवादी मान्यता अन्धविश्वासले जरो गाडेर बसेको छ । सन्तानको आशामा वा छोरी-छोरी मात्र भए छोराको आशामा सौता ल्याइएका घटनाहरू पनि अध्ययनको क्रममा देखिएका छन् जसबाट पूर्व पत्नीप्रति गरिएको अपमानजनक व्यवहार र सोहि अनुरूपको क्रियाकलापले पूर्व पत्नीमा मनोवैज्ञानिक असर पर्न गई दाम्पत्य जीवन असन्तुलित बन्न पुगेको देखिन्छ । अध्ययनमा लिइएका नमुनाहरू मध्ये २ जोडी अर्थात्

१३.३३% मा यौन असन्तुष्टिका कारण सम्बन्ध बिच्छेद भएको छ । श्रीमान्को जाँडरक्सी खाने बानी, परस्त्रीसँगको अनैतिक सम्बन्ध र अवैध यौन क्रियाकलापमा सम्लग्न हुने श्रीमान्/श्रीमतीको चरित्रहीन व्यवहार आदिका कारण परिवारमा झगडाको बीउ रोपिन गई वैवाहिक जीवन खलबलिन पुगेको देखिन्छ । जाडरक्सीको कारण ३ जोडी अर्थात् २०% विवाह बन्धनको समाप्ती भएको तय अनुसन्धानको क्रममा पत्ता लागेको छ ।

हाम्रो समाजमा छोरा र छोरीप्रति सानै उमेरदेखि घर, परिवारमा भेद भावपूर्ण व्यवहार गर्ने गलत संस्कार र मान्यता प्रचलनमा छ । पुरुष भएर महिलाको नियन्त्रणमा रहनु हुँदैन, घरमा आइमाई भाले हुनु भनेको पोथी बास्नु हो आदि जस्ता कुराहरूको गलत संस्कार बसिसकेको छ । त्यसै गरेर महिलाले जस्तो सुकै परिवेशमा हुँदा पनि सहेर बस्नुपर्दछ । विवाद गर्नु हुँदैन आदि जस्ता मान्यताहरूलाई जवरजस्ती लादिएको हुन्छ । विगत केही वर्ष यता महिलाहरूमा शिक्षा र चेतनाको विकासले निकै फड्को मारिसकेको छ । विभिन्न सामाजिक ख-संस्थाहरूले पनि महिलाहरूलाई आफ्नो हक अधिकारतर्फ सचेत र सङ्गठित हुन प्रेरित गरिरहेका छन् । फलस्वरूप विगत्मा अस्तित्त्वविहीन रूपमा कुन्ठीत भएर बसेका नारीहरू आज आफ्नो छुट्टै अस्थित्व र स्वाभीमानका निमित्त जुर्मुराउँदै छन् । उनीहरूमा पनि चेतनाको विकास तीब्र रूपमा भइरहेको देखिन्छ । उनीहरू पनि अन्य पुरुष सरह राम्रो शिक्षा हासिल गरेर कुनै पेसाप्रति आवद्ध हुन चाहन्छन् र आफ्नो खट्टामा आफै निर्भर हुन चाहन्छन् । घरायसी धन्दा र चुलाचौकामा मात्र सिमित हुन चाहदैनन् । फलस्वरूप यस्ता महिलाहरू पुरुषको पुरानो सोचाई र सीमाभित्र अटाउन नसक्दा द्वन्द्व र टकरावको स्थिति आई अन्ततः सम्बन्ध बिच्छेदतर्फ उन्मुख भएको कुरा अध्ययनको क्रममा सम्बन्धित व्यक्तिहरूको अभिव्यक्तिबाट स्पष्ट हुन्छ ।

सम्बन्ध बिच्छेद गर्नु सामान्यतया राम्रो कुरो होइन, तर पनि कतिपय अवस्थामा वैवाहिक जीवनलाई निरन्तरता दिइरहनु भन्दा त्यस्तो वैवाहिक जीवनबाट छुट्टी पाउनु दुवै पक्षको हितमा हुन जान्छ । त्यसकारण यस्ता जटिल अवस्थाहरूमा गरिने सम्बन्ध बिच्छेदलाई भने राम्रै रूपमा लिइन्छ, तर सम्बन्ध बिच्छेदलाई पूर्ण रूपमा आत्मसाथ वा स्विकार गर्न नसक्ने हाम्रो जस्तो समाजमा यस्ता घटनाहरूले हलचल वा उथलपुथल पैदा गर्दछ । सम्बन्ध बिच्छेदका पक्षहरूमध्ये पुरुष र महिलालाई सहयोग एवम् सहानुभूति दिनु भन्दा पनि झन हेपाइको दृष्टिकोणले व्यवहार गरिन्छ । यसै गरी सन्तान विहिनहरूका लागि नयाँ दाम्पत्य

जीवनले केही राहत त हेला, तर सन्तान हुनेहरूका हकमा भने ती सन्तानको आमा बाबुको उचित संरक्षण र मायाको अभावमा गलत कामको सिकार हुन पुग्छन् ।

## ८.२ निष्कर्ष

महिलाहरुको सम्बन्ध बिच्छेद हुनुको विभिन्न कारणहरु मध्ये सामाजिक कारण, आर्थिक कारण र मनोवैज्ञानिक कारणहरु हुन् । शोधपत्रको अध्ययनको क्रममा नमूना छनोटमा परेका सर्लाही जिल्लाका सात जना महिला दिदीबहिनीहरुको वास्तविक घटनालाई प्रस्तुत गरिएको छ । साथै सम्बन्ध बिच्छेद आफैँमा दुर्घटना होइन तर दुर्घटनापूर्ण विवाह र विसङ्गत दाम्पत्यको परिणति भने हो । व्यक्ति बिरामी हुनु रोगको कारणले हो । रोग लाग्नु व्यक्ति र वातावरणको अन्तरक्रियात्मक व्यवहारको परिणाम हो । सम्बन्ध बिच्छेद हुनमा धेरै तत्त्वहरूको प्रक्रियागत कारण जिम्मेवार रहेको कुरा अध्ययनको क्रममा प्राप्त तथ्याङ्कबाट देखिएको छ । अवधारणागत खाकामा उल्लेख गरेझैँ सम्बन्ध बिच्छेदको विजारोपण विवाहसँगै भएको देखिन्छ । केही समयको अन्तर सम्बन्ध र अन्रक्रियामा पारिवारिक व्यवस्थाका विभिन्न पक्षहरू बिचको अन्तर सम्बन्ध र अन्तरक्रियामा सोही बीउ फैलिदै जानाले सम्बन्ध बिच्छेद जन्मिएको हो । जसअनुसार परिपक्वता, स्वस्थ पहिचान, हार्दिक सहमतिको अभाव त्यसैगरी शिक्षा, पेसा, करकापको विवाह, शारीरिक तथा मानसिक यातनापूर्ण व्यवहार, यौनिक असन्तुलन, सामाजिक, सांस्कृतिक भिन्ता एवम् वर्गीय असमानता विद्यमानता रहनु नै सम्बन्ध बिच्छेदको मूल कारणहरू भएको कुरा अनुसन्धानका क्रममा पत्ता लागेका तथ्यहरू हुन् । यसका साथै आर्थिक कारण, सामाजिक कारण, मनोवैज्ञनिक कारण, शारीरिक कारण, सांस्कृतिक कारण, धार्मिक कारण आदिले पनि श्रीमान् श्रीमती बिचमा सम्बन्ध बिच्छेद हुने गरेको तथ्यहरू अनुसन्धानका क्रममा देखा परेको छ । त्यसैगरी सम्बन्ध बिच्छेदले स्वयम् जोडिहरूलाई, उनीहरूका सन्तान एवम् परिवारहरूलाई र समाजलाई असर पारेको तथ्य अनुसन्धानबाट पत्ता लागेको छ ।

नेपालमा २०२० सालको मुलुकी ऐन भन्दा अगाडि सम्बन्ध बिच्छेदले कानुनी मान्यता पाएको थिएन । विभिन्न समुदाय एवम् जातजातिमा भने विभिन्न रूप र शैलीमा सम्बन्ध बिच्छेदको आ-आफ्नै परम्पराअनुसार अभ्यास हुने गर्दथ्यो । हाल आएर सूचना र सञ्चारको पहुँचको कारण, पश्चिमेली संस्कृतिको प्रभाव एवम् श्रीमान् श्रीमतीमा एक अर्काप्रतिको आत्मसम्मान हकअधिकारप्रति सचेत हुनाले सम्बन्ध बिच्छेदको दर तीब्र हुनुका साथै

अदालतमा पनि यस सम्बन्धी मुद्दाहरू सामान्य मुद्दा सरह दर्ता भएको पाइन्छ । यस्तो दर वृद्धि हुनुमा विभिन्न सामाजिक, आर्थिक, शैक्षिक, यौनिक कारणहरूको भूमिका प्रमुख रहेको देखिन्छ । वैवाहिक सम्बन्ध समाप्त भएपछि पूर्व जोडिहरू र उनीहरूका सन्तानलाई उचित संरक्षण र नयाँ क्रियाशिलता दिन आजको सामाजिक व्यवस्था सक्षम भई नसकेकाले संरक्षण र सन्तुलित क्रियाशिलताको अभावको कारण सम्बद्ध व्यक्तिहरू असामान्य स्थितिको शिकार भइरहेका छन् । उनीहरूको परिवार तथा इष्ट मित्रहरूमा पनि नकारात्मक असर परेको देखिन्छ ।

सन्तानविहीन सम्बन्ध बिच्छेद भन्दा सन्तानसहितको सम्बन्ध बिच्छेद बढी असरकारी देखिएको छ । आमा-बाबुको वेमेल र बिच्छेदपूर्ण परिस्थिति तथा उचित माया र संरक्षणको अभावमा बच्चाहरू असामान्य स्थितिका सिकार भएका देखिन्छन् । केही सम्बन्ध बिच्छेदकर्ताहरूले तत्कालका लागि राहत महशुल गरे पनि दीर्घकालीन रूपमा अन्योल र सङ्कटको अवस्था पर्न सक्ने बताउँछन् ।

अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई हेर्दा सम्बन्ध बिच्छेदको दर क्षेत्री जातिमा सबैभन्दा धेरै छ । आफै विवाह गर्ने भन्दा अभिभावकको सक्रियतामा भएका विवाह वढी असफल भएको प्राप्त तथ्याङ्कले देखाएको छ । पेसागत दृष्टिकोणले प्राईभेट क्षेत्र र व्यापार व्यवसायमा सम्बन्ध बिच्छेदको दर बढी पाइयो । यसो हुनुमा कार्यव्यस्तता एवम् कामप्रतिको अविश्वसनियता रहेको कुरा कुराकानीको क्रममा पाइयो । शिक्षाको आधारमा हेर्दा दश कक्षासम्मको शिक्षा हासिल गरेकाहरूमा सबैभन्दा बढी र स्नातक भन्दा माथिल्लो स्तरको शिक्षा हासिल गर्नेमा सबैभन्दा कम सम्बन्ध बिच्छेद हुने गरेको देखियो । साथै सन्तानको हकमा छोरी मात्र हुने जोडीहरूमा सम्बन्ध बिच्छेद धेरै भएको देखिएको छ । साथै सजातीय विवाह गरेकाहरूमा र विवाहमा असहमती रहेका मामिलाहरूमा सम्बन्ध बिच्छेदको दर अत्यन्त धेरै छ । उमेरको दृष्टिकोणले बिसवर्ष भन्दा तलको उमेरमा विवाह भएकाहरूको विवाह अन्त्यको दर अत्यन्त बढी छ । यसैगरी प्रेम विवाह होस् या मागी विवाह दुवैमा स्वस्थ पहिचानको अभावमा भएको विवाह बिच्छेदको दर बढी रहेको छ र दाइजोका कारण विवाह टुट्ने दर पनि अत्यधिक नै छ भने छोराछोरीको चाहना, छोराको चाहना, यौन असन्तुष्टी आदी कारणले पनि वैवाहिक जीवनको अन्त्य भएको पाइयो ।

यस अध्ययनबाट सम्बन्ध बिच्छेद हुने प्रमुख कारणहरूमा कुटपिट, मानसिक, शारीरिक यातना, एक अर्काप्रति अविश्वास, श्रीमान् वा श्रीमतीको परपुरुष वा महिलासँगको अनैतिक सम्बन्ध, छोराछोरकिो चाहना, दाइजो, कार्य व्यस्तता, अन्तरजातीय विवाहको कारण सामाजिक मुल्य मान्यतामा भिन्नता, श्रीमान्ले जाँडरक्सी खानु, यौन असन्तुष्टी आदि विभिन्न कारणहरू रहका देखिन्छन् ।

सम्बन्ध बिच्छेद पश्चात् आधाभन्दा बढीमा मानसिक तनाव पैदा भएको कुरा उत्तरदाताहरूबाट पाइयो । बाबुआमाको सम्बन्धबिच्छेद पश्चात् बच्चाहरू धेरैजसो आमासँग त्यसैगरी बाबु, मावली र अन्यको आश्रयमा बसेको पाइयो ।

यस अनुसन्धानबाट प्राप्त तथ्याङ्क र निचोडले पाठकवृन्द्ध र नीति निर्माणकर्ताहरूलाई समाजमा बढ्दै गइरहेको सम्बन्ध बिच्छेदको बारेमा अझ धेरै जानकारी हासिल गर्न सहयोग पुग्न सक्छ भन्ने मैले आशा राखेकी छु ।

सम्बन्ध बिच्छेद एउटा व्यक्तिगत घटना जस्तो देखिएता पनि हाम्रो सामाजिक संरचना, मूल्य मान्यता, दृष्टिकोणलाई हेर्दा यो निकै जटिल सामाजिक समस्याको रूपमा देखापरेको छ । किनकी सम्बन्धबिच्छेद केवल बिच्छेदकर्ता माझ सीमित नरही यसको प्रभाव र असर निजहरूको परिवार, बालबच्चा, नातागोता र समाजमा पनि परेको हुन्छ ।

सम्बन्ध बिच्छेदलाई सहजै रूपमा लिन नसक्ने हाम्रो समाजमा यस्ता घटनाहरू दिनप्रतिदिन बढ्दै गएका देखिन्छन् । यसै सम्बन्धमा शोधकर्ता स्वयमंबाट सम्बन्धीत क्षेत्रमा गई सम्बन्ध बिच्छेदकर्ताहरूसँग सोधपुछ गरेर यस विषयमा विभिन्न जानकारी लिइएको थियो । यसलाई एउटा सामाजिक समस्याको विषयको रूपमा लिनुपर्ने शोधकर्ताले आवश्यक ठानेको छु । सम्बन्ध बिच्छेद जस्तो गहन विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, संस्था तथा सरोकारवाला पक्ष एवम् वैवाहिक बन्धनमा बाँधिन चाहने पक्षहरू तथा उक्त कार्यमा सहयोगी भूमिका खेल्ने जानकारीको लागि अध्ययन/अनुसन्धानको क्रममा मेरा भोगाई, गराई र अनुभवहरूलाई बुँदागत रूपमा निम्नबमोजिम राख्ने प्रयास गरेकी छु ।

- सम्बन्ध बिच्छेद हुनमा विवाहपूर्वका अवस्थाहरू अपरिपक्कता स्वस्थ पहिचान एवम् हार्दिक सहमति जस्ता तत्त्वहरूले प्रभाव पार्ने हुँदा विवाह हुनु भन्दा पहिले यी कुराहरूको बारेमा व्यापक छलफल र चिन्तन मनन हुन आवश्यक छ । अपरिपक्व

उमेर वा सानै उमेरमा विवाह गर्नु अत्यन्त घातक सिद्ध हुने हुनाले उचित शिक्षा र परिपक्व उमेर (केटाको २५ र केटी २०) मा विवाह गर्नु पर्दछ । हुन त नेपाली कानुनमा गरिएको व्यवस्था अनुसार केटाकेटीको उमेर संरक्षकको मञ्जुरी भए अठार र मञ्जुरी नभए बिस वर्ष तोकिएको छ ।

- विवाह गर्नुपूर्व केटा र केटी बिचमा संवाद र दुवै पक्षको परिवारसँग प्रशस्त घुलमेलको अवसर दिएमा उनीहरू बिच बानीव्यवहार तथा चालचलन बारे प्रशस्त ज्ञान भई समझदारीको विकास हुन सक्ने हुँदा यस्तो प्रक्रिया पुऱ्याई विवाह गर्ने गरेमा यसले सम्बन्ध बिच्छेद हुने सम्भावनालाई न्यून गर्न मद्दत पुऱ्याउन सक्छ ।

- घरेलु हिंसालाई न्यूनीकरण गर्नको लागि पुरषहरूलाई पनि केन्द्रित गरेर शसक्तीकरण र जागरणमूलक कार्यक्रम सरकारी वा गैरसरकारी संघ/संस्था मार्फत् प्रभावकारी रूपमा परिचालन गर्नु उचित हुन्छ ।

- सम्बन्ध बिच्छेदसँग सम्बन्धित त्यस्ता सञ्चालित कार्यक्रमहरूको प्रभावकारीता अध्ययनका लागि समय समयमा अनुगमन र मूल्याङ्कन गरिनु पर्दछ ।

- कानुनमा सम्बन्ध बिच्छेद सम्बन्धी व्यवस्था भएबाट समाजमा सम्बन्ध बिच्छेदका घटनाहरू दिन प्रतिदिन वृद्धि हुँदै गइरहेका छन् । यसले सम्पूर्ण समाजलाई नै प्रभावित गरिराखेको हुन्छ । यसका लागि जनस्तरमा नै सम्बन्ध बिच्छेदबाट हुने असर वालवालिका र समाजमा परेको प्रभाव आदि वारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नु आवश्यक देखिन्छ ।

- कानुनमा सम्बन्ध बिच्छेद सम्बन्धी व्यवस्था भएबाट समाजमा सम्बन्ध बिच्छेदका घटनाहरू दिन प्रतिदिन वृद्धि हुँदै गइरहेका छन् । यसले सम्पूर्ण समाजलाई नै प्रभावित गरिराखेको हुन्छ । यसका लागि जनस्तरमा नै सम्बन्ध बिच्छेदबाट हुने असर वालवालिका र समाजमा परेको प्रभाव आदि बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

- सम्बन्ध बिच्छेदपछि अत्यन्तै संबेदनशिल रूपमा बच्चाहरूको व्यावस्थापन र भविश्यबारे सोच्नु पर्छ । ती अवोध, निश्छल बालबच्चाहरूको लालनपालन, शिक्षा,

स्वास्थ्य लगायत अन्य पक्षहरूका कानुनमा तोकिएका कुराहरू, अपर्याप्त मात्र होइन । व्यावहारिक रूपमा कार्यन्वयन समेत हुँदैंनन् । जसबाट उनीहरूको सुन्दर भविश्यको बालुवाको दलदलमा फस्न गइरहेको हुन्छ । त्यसको निम्ति उचित कानुनको निर्माण गरी कार्यान्वयन गर्न पारिवारिक, गैरसरकारी र सरकारी स्तरबाट ससक्त व्यावस्थापनको निर्माण गर्नुपर्छ । जसले गर्दा बालबच्चाहरू निस्क्रिय, असहयोगी, एकलकाटे प्रवृत्तिको सिकार हुन नपरोस् ।

- सम्बन्ध बिच्छेदसँग सम्बन्धित त्यस्ता सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता अध्ययनका लागि समय-समयमा अनुगमन र मूल्याङ्कन गरिनु पर्दछ ।

- सरकारी वा गैरसरकारी संघ संस्थाहरूले श्रीमान् र श्रीमतीको बिचमा बेमेल तनावको स्थिति सृजना भएमा बेलैमा सल्लाह र परामर्श दिने तथा मध्यस्तता गर्ने जनशक्तिको उत्पादन र परिचालन गर्नाले सम्बन्ध बिच्छेदलाई केही हदसम्म भए पनि न्यून पार्न सकिन्छ ।

# सन्दर्भसामग्री सूची

आचार्य, बलराम, (२०५५), **नेपाली समाजमा विवाह र सम्बन्ध बिच्छेद एक समाज सास्त्रीय अध्ययन,** समाजशात्र स्नाकोत्तर तहको आंशिक तहको लागि प्रस्तुत गरिएको शोधपत्र, त्रिवि, कीर्तिपुर ।

के.सी., पुष्पकमल (२०६७), **सम्बध बिछेद्का कारण र असर,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रिवि, कीर्तिपुर ।

चेमजोङ्ग, रत्नमाया (२०७०), **सम्बन्ध बिछेद्को कारण र प्रभावः एक समाज सास्त्रीय अध्ययन,** अप्रकाशित स्नाकोत्तर सोधप), त्रिवि, कीर्तिपुर ।

थपलिया, शान्ता (२०४८), **नेपालको पारिवारिक कानुन**, ललितपुर : साझा प्रकाशन ।

बन्धु, चुडामणि (२०३४), **अनुसन्धान प्रबन्धको रुप शैली,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रिवि ।

बेलवासे, कृष्ण (२०५७), **कानुनी अनुसन्धान,** काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, टीका (२०४८), **अनुसन्धान पद्धति,** विराटनगर : कान्ता भट्टराई ।

भण्डारी, सुरेन्द्र (२०५०), **कानुनी अनुसन्धान**, काठमाडौं : साझा प्रकाशन ।

सिंह टोपबहादुर (२०३८), **कानुनी शब्दकोश**, काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०७४), **पारिवारिक कानुन**, आठौं संस्क., काठमाडौं : पैरवी प्रकाशन ।

हमाल, राजेश (२०५०), **कानुनी अनुसन्धान : एक परिचय**, काठमाडौं : साझा प्रकाशन ।

**पत्रपत्रिकाहरू**

नेपाल कानुन पत्रिका
कानुनी प्रवाह
नेपाल समाचारपत्र,
कान्तिपुर
राजधानी दैनिक

# परिशिष्ट

## 'सम्बन्ध बिच्छेदको कारण र प्रभाव' का लागि नमूना प्रश्नावलीहरू

## प्रश्नावली

१. नाम : ......................................................................

२. उमेर ......................................................................

३. लिङ्ग ......................................................................

महिला [ ] पुरुष [ ]

४. धर्म ......................................................................

५. तपाईको ठेगाना

स्थायी ......................................................................

अस्थायी ......................................................................

६. विवाह गर्दा तपाइको श्रीमान् र श्रीमतीको उमेर कति थियो ?

श्रीमान् [ ] श्रीमती [ ]

७. विवाह हुनु अगाडि तपाइहरूबिच चिनजान थियो या थिएन ? थियो भने कहिलेदेखि थियो ?

......................................................................

......................................................................

८. चिनजान पछि वा विवाह अगाडि तपाईको श्रीमान् /श्रीमतीको कुनकुन पक्षवारे तपाईलाई थाहा थियो ?

आर्थिक [ ] शारीरिक [ ] सबै थाहा भएको [ ]

सामाजिक [ ] शैक्षिक [ ] कुनै थाहा नभएको [ ]

९. विवाहमा तपाईको पूर्ण सहमति थियो ?

थियो [ ] थिएन [ ] किन [ ]

१०. तपाईहरूको विवाह गर्दा परिवारको स्वरुप कस्तो थियो ?

श्रीमान्: एकात्मक ☐ संयुक्त ☐ वृहत् ☐

श्रीमती: एकात्मक ☐ संयुक्त ☐ वृहत् ☐

११. तपाईहरूको विवाह कस्तो खालको विवाह हो ?

प्रेम विवाह ☐ मागी विवाह ☐

अन्तर्जातीय विवाह ☐ सजातीय विवाह ☐

१२. विवाह गर्दा तपाईको श्रीमान् / श्रीमतीको शिक्षा कति थियो ? र अहिले कति छ ?

| | विवाह गर्दा : | सम्बन्ध बिच्छेद गर्दा : |
|---|---|---|
| श्रीमान् | | |
| श्रीमती | | |

१३. विवाह गर्दा तपाई कुन पेसा अपनाउनु हुन्थ्यो र अहिले कुन पेसामा आवद्ध हुनुहुन्छ ?

| श्रीमान् : | | श्रीमती: | |
|---|---|---|---|
| विवाह गर्दा | | विवाह गर्दा | |
| अहिले | | अहिले | |

१४. विवाह गर्दा तपाईको नगद र अचल सम्पत्ति के कति थियो ?

विवाह गर्दा ☐ अहिले ☐

१५. विवाहपछि तपाईको श्रीमान् / श्रीमती विरामी या कुनै दुर्घट्नामा पर्नु भयो या भएन ? भएको या परेको भए त्यसबाट के परिणाम निस्क्यो ?

श्रीमान्.......................................................................................................

श्रीमती .......................................................................................................

१६. विवाहपछि तपाईहरू श्रीमान् /श्रीमतीवीच छुट्िने समय आइपऱ्यो या परेन, पऱ्यो भने कति समय र किन ?

.......................................................................................................

.......................................................................................................

१७. तपाईहरूको आमाबाबुको शिक्षा, पेसा र आय के कति रहेको छ ?

..........................................................................................

..........................................................................................

१८. तपाईको मासिक आम्दानी र खर्च कति हुन्छ ?

श्रीमान्..........................................................................................

श्रीमती..........................................................................................

१९. सम्बन्ध बिच्छेद गर्दा तपाईहरू कस्तो परिवारमा बस्नुहुन्थ्यो ?

| | | | | | |
|---|---|---|---|---|---|
| श्रीमान् एकात्मक | ☐ | संयुक्त | ☐ | वृहत् | ☐ |
| श्रीमती एकात्मक | ☐ | संयुक्त | ☐ | वृहत् | ☐ |

२०. तपाईहरूको दाम्पत्य जीवन कति अवधिसम्म चलेको थियो ?

..........................................................................................

..........................................................................................

२१. तपाईको घरपरिवारमा सदस्यहरूमा कसकसको व्यावहार किन मन पराउनु हुंदैन, खुलस्त पारिदिनुहोस् ।

..........................................................................................

..........................................................................................

२२. तपाईको श्रीमान् र श्रीमतीको तपाईलाई मन नपर्ने बानीहरू के के हुन् ? बताइदिनुहोस् ।

..........................................................................................

..........................................................................................

२३. विवाहपछि तपाईहरूको बच्चाबच्ची भए या भएनन् ? भएको भए कति छन् ?

..........................................................................................

..........................................................................................

२४. तपाईहरू दुईमध्ये कसैले परिवार नियोजनको अस्थायी विधि प्रयोग गर्नुभयो कि भएन ? गर्नुभएको भए कसले र किन ?

..........................................................................................

२५. बच्चाबच्चीहरू कति कति वर्षका भए ? स्कुल पढ्ने भए कति कक्षामा र कस्तो विद्यालयमा पढ्छन् ?

.........................................................................................................

.........................................................................................................

२६. ती बच्चाबच्चीहरू कोसँग छन् र किन ?

.........................................................................................................

.........................................................................................................

२७. बच्चाबच्चीसँग भेटघाटको अवसर पाउनुहुन्छ कि पाउनु हुन्न ? पाउनु हुन्छ भने कसरी र कति समयको वीचमा हुन्छ ?

.........................................................................................................

.........................................................................................................

२८. तपाईको छोरा या छोरी पढाईमा कस्ता छन् ? कुन श्रेणीमा उत्तीर्ण गर्छन् ?

.........................................................................................................

.........................................................................................................

२९. तपाईहरूको सम्बन्ध बिच्छेदपछि बालबच्चाको बानी व्यहोरा, पढाइ, लेखाइ, मनोरञ्जन, इच्छा, आकांक्षामा कुनै परिवर्तन आएको महसुस गर्नु भएको छ कि छैन ?

.........................................................................................................

.........................................................................................................

३०. कहिलेकाँही आमाबाबुको बारेमा सोध्ने गर्छ ? सोध्यो भने के भनेर जवाफ दिनुहुन्छ ?

.........................................................................................................

.........................................................................................................

३१. तपाईको विचारमा सम्बन्ध बिच्छेदले सन्तानलाई कस्तो प्रभाव पार्छ ?

राम्रो ☐ नराम्रो ☐ थाहा नभएको ☐

३२. तपाईले सम्बनध बिच्छेद गर्नु पर्ने कारणहरू के के हुन् ?

.........................................................................................................

.......................................................................................................

३३. तपाईलाई आफ्नो कमजोरी भए जस्तो लाग्छ कि लाग्दैन ? लाग्छ भने के ?

.......................................................................................................

.......................................................................................................

३४. तपाईलाई सम्बन्ध बिच्छेद गर्न कसैले प्रेरित गरे कि गरेनन् ? गरे भने कसले र किन ?

.......................................................................................................

.......................................................................................................

३५. सम्बन्ध बिच्छेदको कानुनी प्रावधान र प्रक्रियाबारे केही भन्नुहुन्छ कि ?

.......................................................................................................

.......................................................................................................

३६. सम्बन्ध बिच्छेद पश्चात् कोसँग बस्नु भएको छ ?

आमाबाबु ☐ नयाँ दम्पत्ती सँग ☐ अन्य ☐

३७. सम्बन्ध बिच्छेद पश्चात् तपाईले कस्तो महसुस गर्नु भएको छ ?

सुखी ☐ दुस्खी ☐ ठिकै ☐

३८. पुनर्विवाह गर्ने सोचाईमा हुनुहुन्छ या हुनुहुन्न र किन ?

.......................................................................................................

.......................................................................................................

३९. सम्बन्ध बिच्छेदले समाजमा कस्तो प्रभाव पार्ला जस्तो लाग्छ ?

व्यक्तिगत रूपमा

.......................................................................................................

.......................................................................................................

पारिवारिक रूपमा

.......................................................................................................

.......................................................................................................

समाजमा

.......................................................................................................

.................................................................................................................

४०. बच्चाबच्चीको भविष्यबारे के सोच्नु भएको छ ?

.................................................................................................................

.................................................................................................................

४१. सम्बन्धबिच्छेद सम्बन्धी अरु केही भन्न चाहनुहुन्छ ?

.................................................................................................................

.................................................................................................................

**धन्यवाद !**